# पहिलो परिच्छेद

# अध्ययनपत्रको परिचय

## १.१ अध्ययनको शीर्षक

**नेपाली भाषामा प्रचलित नारीविषयक उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण** यस अध्ययनपत्रको शीर्षक रहेको छ ।

## १.२ अध्ययनपत्रको प्रयोजन

यो नेपाली अध्ययनपत्र स्नातकोत्तर तह दोस्रो वर्षको दसौं पत्रको पूर्णाङ्क ५० को लोकसाहित्यसम्बन्धी अध्ययन-पत्रको प्रयोजनार्थ प्रस्तुत गरिएको हो ।

## १.३ विषयपरिचय

उखान भनेको लोकोक्ति हो । कुनै पनि अभिव्यक्ति सूत्रात्मकरूपमा प्रस्तुत गरेपछि यो उखान बन्छ । उखान संस्कृतको उपाख्यान शब्दबाट विकसित भएको हो । लोकसाहित्यका अध्येताहरूले उखानलाई लौकिक वाणी र लोकमान्यता पाएका महापुरूषहरूका सूक्तिका रूपमा पनि परिभाषित गरेका छन् । लोकअनुभवबाट सिर्जना भएका चुट्किला, उक्ति वा कथनका रूपमा उखानलाई चिनाएका छन् ।

नेपाली लोकजीवनमा विभिन्न किसिमका सामाजिक, सांस्कृतिक जातिगत उखानहरू प्रचलित छन् । यस्ता उखानको प्रयोग र प्रचलनका दृष्टिले काठमाडौं उपत्यकाको समाज पनि समृद्ध छ । यहाँ मानवीय जीवनका विविध विषयसँग सम्बन्ध अनेक उखानहरू प्रचलित छन् । यस अध्ययनपत्रमा चाहिँ ती उखानहरू समेटिन सकेका छैनन् । यस अध्ययनपत्रमा काठमाडौं उपत्यकाभित्रको नेपाली भाषी समाजमा प्रचलित विविध उखानहरूमध्ये नारीविषयक उखानहरूको सङ्कलन, वर्गीकरण र विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.४ समस्याकथन

प्रस्तुत अध्ययनपत्र निम्नानुसारका समस्याहरूको अध्ययनमा केन्द्रित रहेको छ :

(१) उखानको सैद्धान्तिक परिचय केकस्तो रहेको छ ?

(२) नेपाली भाषामा नारीविषयक केकति उखानहरू प्रचलित छन् ?

(३) नेपाली भाषामा प्रचलित उखानमा नारीहरूको केकस्ता विषय र सन्दर्भलाई समेटिएको छ ?

## १.५ उद्देश्य

प्रस्तुत अध्ययनपत्रम निम्नानुसारका उद्देश्यहरू राखिएका छन् :

(१) उखानको सैद्धान्तिक परिचय प्रस्तुत गर्नु,

(२) नेपाली भाषा लगायत प्रचलित नारीविषयक उखानहरूको सङ्कलन प्रस्तुत गर्नु,

(३) नेपाली भाषामा प्रचलित नारीविषयक उखानको वर्गीकरण र विश्लेषण गर्नु ।

## १.६ पूर्वकार्यको समीक्षा

नेपाली लोकसाहित्यको अध्ययनलाई हेर्दा नेपाली उखानको अध्ययन परम्परा निकै सबल रहेको छ । लोकसाहित्यको एउटा प्रमुख विधाका रूपमा उखानको परिचय दिने उखानको सैद्धान्तिक विश्लेषण गर्ने, नेपाली उखानको सङ्कलन र अध्ययन गरी तिनका विविध पक्षको विश्लेषण गर्ने काम नेपाली लोकसाहित्यका विद्वानहरूले प्रशस्त मात्रामा गरेका छन् । नेपाली उखानका बारेमा धेरै अध्ययन-अनुसन्धानहरू भए तापनि नेपाली भाषामा प्रचलित नारीविषयक उखानहरूको सङ्कलन वर्गीकरण र विश्लेषण गरेको पाइँदैन । हुन त नेपाली लोकसाहित्यका अध्येताहरूले उखानका सङ्कलन वर्गीकरण र विश्लेषण गर्ने र ती उखानका बारेमा चर्चा गर्ने क्रममा नारीविषयक उखानहरूलाई पनि समेटेका छन् । तर यस अध्ययनपत्रको शीर्षकसँग मिल्ने गरी त्यस्ता पूर्वाध्ययनहरू भएको पाइँदैन ।

जहाँसम्म नेपाली उखानका सङ्कलन र अध्ययनका प्रयासहरू भएका छन्, तिनलाई हेर्दा पुष्करशमशेर ज.ब.रा., हर्षनाथ भट्टराई तथा चूडामणि बन्धुका लोकसाहित्यसम्बन्धी ग्रन्थहरूमा उखानहरू सङ्कलित छन् र तिनका बारेमा सामान्य चर्चा गरिएको छ ।

यस क्रममा पुष्करशमशेर ज.ब.रा.ले **नेपाली उखान-टुक्का कोष** (१९९८) मा उखानटुक्काको कोष तयार गर्ने क्रममा नारीविषयक उखानहरू पनि सङ्कलन गरेका छन् । हर्षनाथ भट्टराइले आफ्नो **नेपाली उखान टुक्का** (२०२३) मा पनि यस्ता उखानहरू सङ्कलित गरेका छन् । राममणि आ.दी. को **उखान सङ्ग्रह** (२०२७) पनि नेपाली उखानको बृहत सङ्कलन गर्ने क्रममा नारीविषयक उखानहरूलाई समेटेका छन् । त्यस्तै कृष्णप्रसाद पराजुलीले **नेपाली उखान-टुक्का** (२०३९) नामक कृतिमा नेपाली लोकजीवनमा प्रचलित **अरूको लाख, आमाको काख, आफैँ धामी, आफैँ बोक्सी** जस्ता उखानको सङ्कलन गरी तिनलाई वाक्यमा प्रस्तुत गर्ने क्रममा पनि केही नारीविषयक उखानहरूलाई समेटेकै छन् ।[१] त्यस्तै जीवेन्द्रदेव गिरीको **लोकसाहित्य**को अध्ययन (२०५७) मा सासूको खुट्टा फाटोस् बुहारी गाजल लाउँछे, सासूले कुट्ने (धान आदी) बुहारी सुत्ने आदि जस्ता उखानहरूलाई समेटिएका छन् । यसै गरी त्रि.वि.केन्द्रीय विभागमा प्रस्तुत गरिएका स्नातकोत्तर शोधपत्रहरूमा पनि नेपाली नारीसम्बन्धी उखानहरूको सङ्कलन, वर्गीकरण र विभिन्न कोणबाट तिनको विश्लेषण गर्ने प्रयासहरू भएका छन् । यी बाहेक चूडामणि बन्धुले नेपाली उखानको विश्लेषण गर्ने क्रममा नारीविषयक उखानहरूका बारेमा पनि सामान्य चर्चा गरेका छन् ।[२] तर यी सबै पूर्वाध्ययनहरूमा नारीसम्बन्धी केही साङ्केतिक टिप्पणी र विवेचना गर्ने प्रयत्न पनि

---

१ कृष्णप्रसाद पराजुली, **नेपाली उखान र गाउँखाने कथा,** रत्नपुस्तक भण्डार, काठमाडौं, नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३९, पृ. ६० ।

२ चूडामणि बन्धु, **नेपाली लोकसाहित्य,** एकता प्रकाशन, २०५८, पृ.३४४-३४५ ।

भएको छ । तर नेपाली भाषामा प्रचलित नारीविषयक उखानहरूलाई समेटेर यस विषयमा विस्तृत अध्ययन गरेको भने देखिँदैन ।

उपर्युक्त विभिन्न विद्वानहरूले उखानहरूको सङ्कलन र विश्लेषण गरेतापनि नारीविषयक उखानहरूलाई अध्ययन गरेको भने देखिएको छैन । विद्वानहरूले नारी सम्बन्धी उखानहरूबाट सामाजिक सांस्कृतिक गतिविधिहरू साँकेतिक रूपमा सन्चालित भएको र यस्ता उखानहरूबाट समाजमा सकारात्मक अवस्था सृजना गर्न समेत मद्दत पुऱ्याएको छ ।

## १.७ अध्ययनपत्रको औचित्य

नेपाली उखानको अध्ययन परम्परा र विकासको प्रक्रिया लामो भए पनि नेपाली उखानको विभिन्न कोणबाट विश्लेषण गर्ने परम्परा त्यति व्यवस्थित र विकसित बन्न पुगेको छैन । उखानका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न कोणबाट अध्ययन गरे तापनि नेपाली उखानमा नारीहरूलाई कसरी प्रस्तुत गरिएको छ भन्ने बारे अहिले सम्म व्यवस्थित रूपमा कुनै अध्ययन भएको पाइँदैन । त्यसमा पनि नेपाली भाषामा प्रचलित नारीविषयक उखानहरूको अध्ययन नभएकाले प्रस्तुत अध्ययन औचित्यपूर्ण रहन गएको छ ।

## १.८ अध्ययनपत्रको सीमाङ्कन

प्रस्तुत अध्ययनपत्रको उद्देश्य नेपाली भाषामा प्रचलित नारीविषयक उखानहरूको सङ्कलन वर्गीकरण र विश्लेषण गर्नु रहेको छ । त्यस्तै यस शोधपत्रमा नारीविषयक प्रमुख उखानहरूलाई समेटिएको छ । यस सन्दर्भमा उखानको सैद्धान्तिक पक्षको समेत सङ्क्षिप्त अध्ययन गरिएको छ ।

## १.९ अध्ययनविधि

प्रस्तुत शोधकार्यमा उखानको सैद्धान्तिक अध्ययनका निम्ति पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । यसबाहेक उखान सङ्कलनका क्रममा क्षेत्रीय अध्ययन पद्धतिलाई पनि उपयोग गरिएको छ । यस क्रममा नेपाली भाषाका विभिन्न क्षेत्रहरूमा गई विभिन्न व्यक्तिहरूसँग सम्पर्क कायम गरी मौखिक कुराकानीका क्रममा यहाँको लोक जीवनमा प्रचलित उखानहरूको सङ्कलन गरिएको छ । उपत्यकामा उखानहरू त धेरै नै प्रचलित छन् तर सबै उखानहरू नभई यहाँ नारीविषयक उखानहरूलाई मात्र सङ्कलन गरिएको छ । यसरी उखानहरूको सङ्कलन गरिसकेपछि तिनको अध्ययनका निम्ति आवश्यकतानुसार विश्लेषणात्मक र तुलनात्मक विधिको प्रयोग गरिएको छ ।

## १.१० अध्ययनको रूपरेखा

| | |
|---|---|
| पहिलो परिच्छेद : | शोधपरिचय |
| दोस्रो परिच्छेद : | उखानको सैद्धान्तिक परिचय |
| तेस्रो परिच्छेद : | नेपाली भाषामा प्रचलित नारीविषयक उखानहरूको सङ्कलन |
| चौथो परिच्छेद : | सङ्कलित उखानहरूको वर्गीकरण र विश्लेषण |
| पाचौँ परिच्छेद : | निकर्ष |

# दोस्रो परिच्छेद
# उखानको सैद्धान्तिक परिचय

## २.१ लोक शब्दको व्युत्पत्ति र अर्थ

**लोक** शब्दमा घञ् प्रत्यय लागेर व्युत्पादित भएको **लोक** शब्दका बारेमा शब्दकोशमा संसार मानव, जाति, प्रजा, समुदाय, समूह, क्षेत्र, सामान्य जीवन आदि अर्थ दिइएको पाइन्छ । हिन्दी शब्दकोषमा प्राणी, दिशा, यश कीर्ति, निवासस्थान, संसार आदि अर्थ दिने शब्दका रूपमा **लोक** शब्दको प्रयोग गरिएको छ । वृहत नेपाली शब्दकोषले समान संस्कृति, भावना र सामाजिक स्थिति भएका खास भौगोलिक एकाइमा रहने मानिसको समुदाय वा जनसमूह भन्ने अर्थमा **लोक** शब्दलाई अर्थ्याएको देखिन्छ ।

ऋग्वेदले जन अर्थात् जनताको पर्यायवाची शब्दका रूपमा **लोक** शब्दलाई लिएको पाइन्छ । यो **लोक** शब्द धेरै पहिलेदेखि नै प्रचलित हुँदै आएको कुरा उपनिषद् र महाभारत जस्ता ग्रन्थमा पनि **लोक** शब्दको प्रयोग गरेबाट थाहा हुन्छ । नाट्यशास्त्रले पनि **लोक** शब्दलाई ग्राम्य धर्मले युक्त जनता भन्ने अर्थमा प्रयोग गरेको भेटिन्छ ।

प्राचीनकालमा प्राय : **लोक** शब्दको प्रयोग जनता र संसारका अर्थमा नै भएको पाइन्छ । आधुनिक सन्दर्भमा कतै अशिक्षित जनतालाई र कतै पुरातन स्थितिमा अपरिस्कृत रूपमा रहेका जनतालाई बुझाउनका निम्ति पनि **लोक** शब्दको प्रयोग भएको देखिन्छ ।

निष्कर्षमा भन्नुपर्दा **लोक** शब्द व्यापक अर्थलाई वहन गर्ने शब्द हो । वाङ्मयमा यसको व्यापक प्रयोग भएको पाइन्छ ।

## २.२ लोक साहित्य शब्दको बनोट र तात्पर्य

आधुनिककालमा उपर्युक्त **लोक** शब्दसँग साहित्य शब्दलाई जोडेर **लोक साहित्य** शब्दको प्रयोग र प्रचलन गर्ने गरेको देखिन्छ । यो **लोकसाहित्य** शब्द **लोक** वा ग्राम्य समाजमा प्रचलित गीत, कथा, गाथा उखान, टुक्का जस्ता साहित्यिक विशेषतायुक्त रचनालाई बुझाउने शब्दका रूपमा प्रचलित रहेको छ ।

## २.३ लोक साहित्यको परिचय

**लोकसाहित्य**को परिभाषा दिन त्यति सहज छैन । सामान्यतया लोक वा जनजीवनमा चलेको साहित्यलाई नै **लोकसाहित्य** भनिन्छ । यसलाई अझ प्रष्ट पार्दा लोकसाहित्य एक प्रकारको जीवनसाहित्य हो पनि भन्न सकिन्छ । यसले लोकजीवनलाई मनोरञ्जन र ज्ञानका विभिन्न अमूल्य अभिव्यक्ति प्रकट गर्दछ । अर्को अर्थमा भन्दा लोकबाट आएको लोकका निम्ति लोकको भावनामा मौलाएको अमूल्य अभिव्यक्ति नै लोकसाहित्य हो ।

**लोकसाहित्य**का बारेमा विभिन्न विद्वान्हरूले विभिन्न समयमा सारगर्भित परिभाषाहरू दिएका छन् । तीमध्ये केही परिभाषाहरूबारे क्रमशः तल चर्चा गरिएको छ ।

**लोकसाहित्य**लाई परिभाषित गर्ने पाश्चात्य विद्वान्हरूमध्ये मरेदले **लोकसाहित्य**लाई श्रुति र कथन परम्परामा आधारित मानी यसलाई एक गतिशील विज्ञान हो भनेका छन् ।

यसरी नै **लोकसाहित्य**को परम्परालाई जोड दिँदै जे.एल. गोयले **लोकसाहित्य**लाई ऐतिहासिक विज्ञान भनी चिनाएका छन् । गोयकै परिभाषालाई आधार बनाउँदै केपले लोकसाहित्यको ऐतिहासिक पक्षमा बढी जोड दिएका छन् ।

यसरी नै हिन्दी लोकसाहित्यका विद्धान्हरूले पनि आ-आफ्नै ढङ्गले लोकसाहित्यको परिभाषा प्रस्तुत गरेका छन् । यसरी परिभाषा दिनेहरूमा कुन्दनलाल उप्रेती पनि एक हुन् । उनका अनुसार सभ्यताको प्रभावबाट टाढा बसेका र आफ्नो सहजावस्थाका जुन निरक्षर जनता छन् उनीहरूका हर्ष-विषाद, आशा-निराशा, सुःख-दुःख, लाभ-हानि, जीवन-मरण आदिको मौखिक अभिव्यक्ति जुन साहित्यमा पाइन्छन् त्यही साहित्य नै लोकसाहित्य हो ।[३]

**लोकसाहित्य**को परिभाषा गर्ने अर्को भारतीय विद्वान् भूपतेन्द्रनाथ राय चौधरी हुन् । उनले **लोकसाहित्य** लोकमानसको अभिव्यक्ति हो र यसलाई जनजीवनको दर्पण भन्न सकिन्छ ।[४] भनी परिभाषित गरेका छन् ।

त्यस्तै डा.श्रीराम शर्माले लोकसाहित्यको परिभाषा यसरी दिएका छन् **वास्तवमा लोकसाहित्य त्यो मौलिक अभिव्यक्ति हो जुन कुनै व्यक्तिले बनाएका होइनन् तर आज सामान्य रूपमा लोकसमूहले तिनलाई आफ्नो मान्दछ ।**[५]

उपर्युक्त परिभाषाहरूलाई हेर्दा लोकसाहित्य भनेको त्यस्तो साहित्य हो जुन कथ्य अभिव्यक्ति परम्परामा आधारित हुन्छ र जसका निर्माता वा रचयिता कुनै व्यक्तिविशेष नभएर लोकजीवनबाटै सृजना गरिएको हुन्छ अनि श्रुतिपरम्पराद्वारा त्यसलाई जीवित राखिएको हुन्छ ।

[३] कुन्दनलाल उप्रेती, **लोकसाहित्यके प्रतिमान** दो.सं., (अलिगढ : भारत प्रकाशन मन्दिर ई. १९८०),     पृ.१९४-१९४)
[४] भूपतेन्द्रनाथ राय चौधरी, **अवसमिया लोकसाहित्यकी भूमिका,** (गुवाहटी : भारती प्रकाशन, २०३५), पृ. ७
[५] श्रीराम शर्मा, **लोकसाहित्य सिद्धान्त और प्रयोग,** दो.सं., (आगराः विनोद पुस्तक मन्दिर ई. १९८० ।

वस्तुतः लोकसाहित्यका विभिन्न क्रियाकलापमा मानव अभिव्यक्तिहरू रहेका हुन्छन् । यो स्वतः निः सृत हुन्छ । लोकजीवनका प्रत्येक क्रियाकलापमा लोकव्यवहारका आस्था दर्शन र मान्यताहरू प्रचलित हुन्छन् । लोकजीवनलाई बुझाउने एउटा सशक्त माध्यम लोकसाहित्य हो । त्यसैले लोकसाहित्यलाई लोकजीवनको वा समाजको दर्पण मान्न सकिन्छ ।

## २.४ लोकसाहित्यको वर्गीकरण

**लोकसाहित्य** को अध्ययन गर्ने क्रममा विभिन्न विद्वानहरूले भिन्न भिन्नै किसिमले निम्नानुसारले वर्गीकरण गर्ने चेष्टा गरेका छन् । यस क्रममा लोकसाहित्यलाई सामान्यतमा निम्नानुसार वर्गीकरण गरिएको पाइन्छ ।

(१) लोकगीत

(२) लोककथा

(३) लोकगाथा

(४) लोकनाटक

(५) उखान–टुक्का

(६) गाउँखाने कथा

कोही कोही विद्वानहरूले लोकसाहित्यलाई गंयात्मक र गद्यात्मक गरी दुई भागमा विभाजन गरेका पनि पाईन्छ । यसमा गंयात्मक अन्तर्गत लोकगीत, लोककाव्य लोकगाथा आदि पर्दछन् भने गद्यात्मक अन्तर्गत लोककथा, उखान, गाउँखाने कथा, टुक्का आदि पर्दछन् ।

यसरी **लोकसाहित्य**का विभिन्न विधाहरूमध्ये एउटा प्रमुख विधाका रूपमा उखान पनि स्थापित हुन पुगेको छ । यसले मानिसका अभिव्यक्तिहरूलाई छोटो र सरल

रूपमा मिठो तरिकाले व्यक्त गरेको हुन्छ । यो लोक अनुभवबाट उत्पादित चुट्किलो कथन हो ।

## २.५ उखानको परिचय

नेपाली भाषामा **उखान** शब्दको प्रयोग परम्परागत रूपमा हुँदै आएको छ । नेपालीको केन्द्रिय भाषिकामा यसलार्य साइतर (शास्त्र) भनिन्छ । व्युत्तात्तिका दृष्टिले **उखान** शब्द **उपाख्यान** र **आहान** एवम् आख्यानसँग सम्बद्ध देखिन्छ ।

वस्तुत : **उखान** शब्द संस्कृतको उपाख्यान शब्दबाट विकसित भएको हो । **उपाख्यान** कथासँग सम्बन्धित भए पनि उखान भने एक प्रकारको तीक्ष्ण र प्रभावकारी उद्गारलाई बुझाउने अर्थमा रुढ भइसकेको छ ।

उखानलाई लौकिक वाणी र लोकमान्यता पाएका महापुरूष सूक्तिका रूपमा बालकृष्ण पोखरेलले परिभाषित गरेका छन् त्यस्तै उनले उखानलाई अर्को दृष्टिबाट पनि व्याख्या गरेका छन् **जब हामी उखान सुनिरहेका हुन्छौं, हामीलाई लाग्छ हाम्रा पूर्वजहरूले आफ्ना सन्तानहरूले बाटो बिराउलान् र कर्तव्य नचिन्लान् भनी दिव्य भाषामा आकाशवाणी सुनाइरहेका छन् ।** [६]

उनको भनाइमा उखानहरू हाम्रा पूर्वजहरूले दिएका मार्गनिर्देशनहरू हुन् र यिनले हामीलाई जीवनको बाटो नबिराउने कुरातर्फ सचेत गराउँदछन् ।

प्रथमत : उखानलाई चिनाउने क्रममा एरिष्टोटलले संक्षिप्तता र व्यावहारिक उपयोगिताका कारणले गर्दा विनाशबाट बचेको प्राचीन दर्शनको अवशेषका रूपमा

---

[६] सत्यमोहन जोशी, **हाम्रो लोक संस्कृति,** काठमाडौं : रत्नपुस्तक भण्डार, २०१४), पृ. २८ ।

उखानको परिचय दिएका छन् । उनले उखान धेरै छोटो र व्यवहारिक हुने भएकोले यसको महत्त्व धेरै छ भनेका छन् । साथै उखानले प्राचीन दर्शनलाई समेट्ने हुनाले उनले यसलाई प्राचीन दर्शनको अवशेषका रूपमा पनि हेरेका छन् ।

नेपाली लोकसाहित्यका अध्येता सत्यमोहन जोशीका अनुसार **उखान भनेको पदलालित्यले हिस्सी परेको लाक्षणिक भावपूर्ण भएको एक लोकोक्ति हो । एक किसिमले उखान भनेकै एक हृदयकोशा हो, जसको प्रयोग ठाउँ र बेला हेरी हुन्छ ।** [७]

सत्यमोहन जोशीले उखानलाई लाक्षणिक अभिव्यक्ति हो भनी चिनाएका छन् । उनले उखानलाई पदले सिंगारिएको र सुन्दै हिस्सी परेको अभिव्यक्तिको रूपमा चिनाएका छन् । उखान भनेकै मानिसको हृदयमा सधैं रहिरहने कोष हो । जुन बेला र आवश्यकता हेरी यसको प्रयोग गर्न सकिन्छ भन्ने उनको विचार रहेको छ ।

मोहनराज शर्माका अनुसार "वाक्यस्तरको संरचना हुने त्यस सूत्रात्मक उक्ति वा कथनलाई उखान भनिन्छ जसको अर्थ त्यसका स्रोतसँग गाँसिएको हुन्छ । [८]

मोहनराज शर्माले उखानलाई बाक्यस्तरको संरचनाका रूपमा व्याख्या गरेका छन् । उनले उखान् सूत्रात्मक कथन हो जुन सङ्क्षिप्त हुन्छ र यसले सङ्क्षिप्त कथनमा धेरै कुराहरू व्यक्त गरेको हुन्छ भनेका छन् ।

उपर्युक्त परिभाषाहरूबाट के निष्कर्ष निकाल्न सकिन्छ भने उखान भनेको सङ्क्षिप्त र सूत्रात्मक कथन हुन् जहाँ हाम्रा पूर्वजहरूका जीवनका महत्त्वपूर्ण अनुभवहरू र तिनका सार कुराहरू समेटिएका हुन्छन् ।

---

७ मोहनराज शर्मा, **शब्दरचना र वर्ण विन्यासः भाषा-वैज्ञानिक पद्धति**, काठमाडौं, त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, २०३५ ।

८ बालकृष्ण पोखरेल, **राष्ट्र भाषा,** साझा प्रकाशन, काठमाडौं, २०३६, पृ. १८ ।

उखान कुनै पनि जातिका भाषिक समुदायको सशक्त उद्गार हो, अभिव्यक्तिको प्राण हो । यसले भनाइलाई स्वाभाविक रूपमा तिख्खर पार्छ, ओजस्वी बनाउँछ र जीवन दिन्छ । यसको सामाजिक, साहित्यिक र भाषाशास्त्रीय दृष्टिकोणले निकै ठूलो महत्त्व छ । भाषा चमत्कृत पार्न, भनाइ प्रभावपूर्ण तुल्याउन र अभिव्यक्तिलाई सहज सम्प्रेषण दिन उखानले विशेष भूमिका खेलेको हुन्छ ।

## २.६ उखानको उत्पति र विकास

उखानको पुर्ख्यौली नालीबेली छुट्याउन निकै गाह्रो पर्छ तापनि उखानको जन्म लोकका सुख-दुःख, हाँसो-आँसु र जीवनयात्राका तीता-मीठा सत्यका अनुभव बटुलेर भएको हो । उखानको परम्परा निकै पुरानो छ । भाषाले मानव अनुभूतिको माध्यमका रूपमा काम गर्न थालेदेखि नै उखानको प्रयोग हुन थालेको हो ।

उखानको निर्माण व्यक्ति-उक्तिका रूपमा भएको हुन्छ  तर निर्माताको लोकमय व्यक्तित्वले गर्दा उखान गर्दा उखान व्यक्तिविशेषको उक्ति नभएर साझा उक्ति बल जान्छ । उदाहरणका लागि नभरिएको गाग्रो छचल्किन्छ र छचल्किँदा आवाज आउँछ । यसको उल्टो भरिएको गाग्रो चाँहि न छचल्किन्छ न त्यसबाट आवाज नै निस्कन्छ । यो वाक्य प्रसङ्गवश कुनै विचारशील व्यक्तिको मनमा आई उसको मुखबाट निस्केको हो तापनि समान प्रसङ्ग आउँदा अरू मानिस पनि यस वाक्यलाई दोहोऱ्याउन थाल्छन् र यस सामाजिक, सांस्कृतिक, पृष्ठभूमिमा जीवनका वास्तविक दृष्टान्तमूलक प्रसङ्ग विशेषको आख्यान वा कथनबाटै भएको हो । समग्रमा हेर्दा खास गरी उखानको उत्पत्ति विभिन्न किसिमले भएको पाइन्छ । जस्तै :

(क) सांस्कृतिक परिवेश

(ख) ऐतिहासिक परिवेश

(ग) विशिष्ट उक्ति

(घ) पौराणिक स्रोत

(ङ) लोककथात्मक स्रोत

(च) कृषिस्रोत

(छ) स्थानीय स्रोत

(ज) सामाजिक स्रोत

## २.६.१ **सांस्कृतिक परिवेश**

मानवजातिका हरेक ज्ञान र अनुभव सँगसँगै साना-ठूला कथा वा घटनाक्रम गाँसिएका हुन्छन् । उखानमा पनि तिनको सन्दर्भ वा प्रभाव रहन्छ । उखानले सामाजिक रीतिथिति सांस्कृतिक चाडपर्व, दिन-प्रतिदिनका पारिवारिक क्रिया-प्रतिक्रिया तथा घरेलु जीवनको झलक दिइरहेका हुन्छन् । उखान समाजमा सांस्कृतिक अवशेषका रूपमा पछिसम्म कायम रहन्छन् ।

उखानद्वारा कुनै कथा वा घटनाको सङ्केत पनि दिइन्छ र त्यसको माध्यमबाट लोकजीवनलाई व्यवहारिक तथा नैतिक शिक्षा प्राप्त हुन्छ । त्यसैलाई लोकले सूक्ति वा लोकोक्तिको रूपमा ग्रहण गरी जोगाउने प्रयत्न गर्छ । लोककथाका माध्यमबाट पनि कतिपय उखान सुक्ष्म कथात्मक सार बोकेर आउँछन् । यीमध्ये केही उखान अनौठा अपत्यारिला अर्थ प्रकट गर्ने पनि हुन्छन् । जस्तै **लोग्ने स्वास्नीको झगडा परालको आगो, ठाउँ न ठहर बुढीको रहर** आदि यस्ता उखानले कुनै न कुनै रूपमा तत्कालीन सामाजिक सांस्कृतिक सन्दर्भका लुकेछिपेका चित्र प्रस्तुत गरेका हुन्छन् ।

## २.६.२ **ऐतिहासिक परिवेश**

कुनै ऐतिहासिक घटनाक्रमका प्रसङ्गमा तथा अनुभवसिद्ध व्यक्तिविशेषका अनुभूतिमा केही उद्‌गार वा महत्त्वपूर्ण वाक्य निस्क्यो भने यो निस्केको उद्‌गार वा

वाक्यले उखानको रूप धारण गर्छ र त्यो लोकजीवनमा सुरक्षित हुन्छ । अर्कोतर्फ सिङ्गो ऐतिहासिक घटना वा व्यक्तिबिशेषको जीवनवृत्त पनि पछिसम्म दृष्टान्तको रूप लिएर अडिरहेको हुन्छ । समय बदलिँदा दायाँबाँयाका उपघटना वा पोषक आख्यानको अन्त हुँदै जान्छ तापनि चुरोका रूपमा साङ्केतिक कथन चाँहि श्रुतिपरम्परामा जोगिएकै हुन्छ र धेरै उखानहरूलाई हेर्ने हो भने यस खालको इतिहासमूलक उखानहरू प्रशस्त पाइन्छन् । हाम्रा बोलचालमा प्रचलित कतिपय उखानहरूले इतिहासका विशिष्ट व्यक्तिहरूले गरेका कामहरूको झझल्को दिएका हुन्छन् ।

## २.६.३ विशिष्ट उक्ति

लोकजीवनका विशिष्ट द्रष्टा वा साहित्यका महान् स्रष्टाका सारगर्भित उक्ति पनि समयक्रमले खारिँदै जाँदा उखानका रूप लिन पुग्छन् । यस्ता उखानद्वारा व्यवहार वा जीवनदर्शनका माझबाट शाश्वत् सत्यको उद्‌घाटन हुन्छ । अनुभवले परिपक्क र लोकजीवनको मर्मसँग परिचित व्यक्तिबाट लोकव्यवहारको सेरोफेरामा सहज र स्वाभाविक रूपले सूत्रात्मक वाणी अभिव्यक्त हुन्छन् भने साहित्यिक स्रष्टाहरू आफ्ना मार्मिक अनुभूतिलाई गहकिलो रूपमा कलात्मक अभिव्यक्ति दिन्छन् ।

साहित्यिक उक्तिलाई लोकजीवनले ग्रहण गरेपछि र लोकजीवनका उक्तिलाई साहित्यले वाणीमा भरेपछि त्यसमा जीवन्तता आउँछ । यसरी दुबै किसिमका उक्तिले पछि साझा लोकोक्ति बनेर उखानको रूप लिन्छन् ।

## २.६.४ पौराणिक स्रोत

नेपाली उखानहरू पौराणिक स्रोतका आधारमा पनि बनेका छन् । यस्ता उखानहरू पौराणिक घटनाका महत्त्वपूर्ण प्रसङ्गबाट बनेका देखिन्छन् । यस्ता उखानहरू पनि नेपाली भाषामा प्रशस्त भेटिन्छन् ।

### २.६.५ लोककथात्मक स्रोत

नेपाली उखानहरू नेपाली लोककथाका पृष्ठभूमिबाट तयार भएर आएका पनि छन् । तिनले लामा-लामा लोककथाका घटनालाई सारसूत्रका रूपमा प्रस्तुत गर्दछन् ।

### २.६.६ कृषि स्रोत

नेपालको जनजीवन कृषिमा आधारित भएकाले त्यसको पृष्ठभूमिमा पनि थुप्रै उखानहरू बनेका छन् । यस्ता उखानले कृषि जीवनको अनुभवहरूलाई समेटेका हुन्छन् ।

### २.६.७ स्थानीय स्रोत

नेपाली उखानहरू स्थानीय रूपमा पनि सिर्जिएका छन् । स्थानीय जनजीवनको अवस्था सीमित क्षेत्रमा मात्र प्रचलित भएका प्रशस्त उखानहरू भेटिन्छन् । सानो जीवन परिवेशमा निर्मित भएका त्यस्ता उखानले त्यहाँको रहनसहन, अवस्था र ठाउँका विशेषतालाई झल्काएका हुन्छन् ।

### २.६.८ सामाजिक स्रोत

लोकजीवनमा प्रचलित प्राय : सबै उखानहरूको स्रोत आधार र पृष्ठभूमि समाज नै हो । सामाजिक जीवनका विविध घटनाको पृष्ठभूमिमा विविध किसिमका उखानहरू बनेका छन् ।

यसरी उखानलाई विभिन्न कोणबाट परिचय दिँदै यसको परिभाषा र उत्पत्तिका विभिन्न स्रोतहरूका बारेमा व्यापक चर्चा गरिएको पाइन्छ ।

## २.७ उखानको स्वरूप

उखान लोकसाहित्यका अन्य विधाका तुलनामा लघु आकारका हुन्छन् । यसकारण यसका तीन तत्त्व छन्– कथ्य, शैली र उद्देश्य । उखानमा जे भनिएको छ,

त्यही नै उखानको कथ्य हो । उखानहरूमा भन्नुपर्ने कुरा सोझै पनि भनिन्छ र लक्षणा र व्यञ्जनाका रूपमा पनि भनिन्छ । उखान जुन ढङ्गले भनिन्छ, त्यो त्यसको शैली हो । उखानमा प्रयुक्त शब्दहरू र तिनको संयोजनले शैलीको निर्माण गर्दछन् । उखानका यस्ता शैलीहरू सामान्य र अलङ्कृत हुन्छन् । उखानको आफ्नो उद्देश्य हुन्छ । उखानका माध्यमबाट व्यक्तिले केही भन्न चाहन्छ, उपदेश दिन चाहन्छ, सूचना दिन चाहन्छ वा कुनै विषयमा टिप्पणी वा आलोचना गर्न चाहन्छ ।

उखानको प्रयोग बोलचाल वा लेखन दुवैमा हुन्छ । साक्षरताको विस्तारका साथ उखानले गर्ने काम लिखित पाठ्यसामग्रीबाट भइरहेको छ तापनि सामान्य र साहित्यिक लेखनमा उखानको प्रयोगले त्यसलाई सजीव बनाउन सकिन्छ । वार्तालापमा व्यञ्जन र चमत्कार ल्याउन उखानको प्रयोग गरिन्छ भने लेख्य शैलीलाई वजनदार र प्रभावोत्पादक बनाउनका लागि पनि उखानको प्रयोग हुन्छ । सबै युगका साहित्यकारहरूले आफ्ना उखानको सृजनामा उपयोग गरेको पाइन्छ । उखानको प्रयोग कुनै पनि बाबु-आमाले केटाकेटीलाई शिक्षा दिँदा पनि गरेको देखिन्छ । उखानले व्यक्ति-व्यक्तिबीचको सञ्चारमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

## २.८ उखानको महत्त्व

उखान भाषिक अभिव्यक्तिको रूपमा प्रयोग हुने सूक्तिमय कथन हो । उखानको उक्ति वैचित्र लाक्षणिक र व्यञ्जनात्मक अर्थचमत्कारले भाषालाई प्रभावकारी बनाउँछ र भाषा रसिलो, भरिलो र मिठो बन्छ । गाग्रोमा सागर भर्न सक्ने ज्ञानको भण्डार उखानमा निहित हुन्छ । जीवनजगत्का सत्यतथ्य घटना, अनुभूति आदि विषयलाई उखानले सूत्रबद्ध रूपमा प्रस्तुत गरेको हुन्छ ।

उखानको प्रयोग भाषिक व्यवहारमा उदाहरणको रूपमा हुन्छ । त्यस अवस्थामा उखानले श्रोताको हृदयलाई छिटो छुन्छ र विशेष किसिमले प्रभाव पार्छ । उखानमा

यस्तो सामर्थ्य हुन्छ, जसबाट श्रोताले अरूले भनेको कुरा निकै गम्भीर र अर्थपूर्ण रूपमा बुझ्दछ र लिन्छ पनि । भाषिक रूपमा प्रयोग हुने यस्ता उखानले वास्तविक सत्यपरक कथनको पुष्टि गर्छन्  र भाषालाई नयाँ बान्की दिँदै सुमधुर, सशक्त र प्रभावकारी तुल्याउँछन् । यसरी भाषिक अभिव्यक्तिमा मिठास ल्याउनु, अर्थचमत्कार दिनु र भाषालाई प्रभावकारी बनाउनु उखानको महत्त्वपूर्ण विशेषता हो ।

## २.९ उखानका विशेषता

लोक अभिव्यक्तिका रूपमा **लोक** जीवनमा लोकप्रिय बन्दै आएका उखानले दृष्टान्तमूलक कथनलाई जीवन्तरूप दिएका हुन्छन् । लोकले जीवनयापनको क्रममा भाषिक व्यावहारिकताबाट सँगालेका तीता-मिठा अनुभवको सारगर्भित स्वरूप उखानले प्राप्त गर्छ । यसमा तुकबन्दी लयात्मकता र शब्दविन्यास स्वतः मिलेर आएको हुन्छ । भाषालाई रसदार बनाउन उखानको प्रयोग महत्त्वपूर्ण मानिन्छ । उखानमा भावको सघनता र मार्मिकता मात्र होइन अर्थगत क्षेत्रको विस्तृत परिवेश पनि हुन्छ । उखानमा लामो कथा, घटना, प्रसङ्ग र इतिहासलाई सूत्रात्मक रूपमा समेट्ने सामर्थ्य राखेको हुन्छ । बुढापाका व्यक्तिहरूका जीवनका लामा अनुभूतिलाई व्यावहारिक जीवनमा नीतिनिर्देशनको रूपमा प्रस्तुत गरेको हुन्छ । उखानमा जीवनजगत्मा विभिन्न पक्षहरूको यथार्थ चित्रण उतारिएको हुन्छ । मानव सभ्यताको इतिहासलाई सूत्रात्मक रूपमा प्रस्तुत गर्नु उखानको विशेषता हो ।

उखानले एकातिर भाषिक अभिव्यक्तिलाई स्तरीयता, जीवन्तता, सरसता अर्थगाम्भीर्य बनाइदिन्छ साथै भाषालाई रोचक, प्रभावकारी बनाउँछ भने अर्कोतिर उखानले साहित्यिक मूल्य र मान्यता मात्रै राख्दैन कि जीवनजगतको सिङ्गो इतिहासलाई सुरक्षित राख्दछ । यस्ता उखानको आफ्नै किसिमको महत्त्व र विशेषता रहेको पाइन्छ ।

उखानमा लाक्षणिक प्रयोग हुने वा दृष्टान्तमूलक उखानले सत्यलाई पछ्याउने हुँदा त्यसबाट कुनै पनि कथनको साह्रै राम्रो पुष्टि हुन्छ । उखानले भाषालाई नयाँ बान्की दिनुका साथै मधुर, सशक्त र प्रभावशाली बनाउँछ ।

उखानका विशेषताबारे विभिन्न विद्वान्हरूले आ-आफ्नै प्रकारले प्रकाश पारेका छन् । उखानका विशेषताका बारेमा विदेशी विद्वान्, भारतीय विद्वान् र नेपाली विद्वान्हरूले थप प्रकाश पारेका छन् ।

उखानको विषयमा व्यापक रूपमा खोज अनुसन्धान र अध्ययन गर्ने कार्य जति पाश्चात्य जगत्मा भएको छ, त्यति नेपालमा हुन सकेको छैन । त्यसैले उखानका विशेषताका बारेमा पनि सर्वप्रथम पाश्चात्य विद्वान्हरूले प्रकाश पार्ने काम गरेका छन् । यसमा उल्लेख्य कार्य गर्ने व्यक्ति हावेल र होस्टिङ्ग हुन् । उनीहरूले उखानका निम्न विशेषता देखाएका छन् :

हावेलले उखानका विशेषता प्रस्तुत गर्ने सन्दर्भमा सङ्क्षिप्तता, सारगर्भितता र सप्राणता जस्ता कुराहरूलाई अघि सारेका छन् । त्यसैगरी होस्टिङले हावेलले प्रस्तुत गरेका बुँदाहरूमाथि अर्को बुँदा लोकप्रियता समेत थप गरेका छन् ।

उखानको विशेषताका विषयमा भारतीय विद्वान्हरूले आफ्ना विचारहरू प्रस्तुत गरेका छन् :

डा. कृष्णदेव उपाध्याय : समासशैली, अनुभूति, निरीक्षण, सरलता ।[१०]

[१०] ऐ.ऐ., पृ. ३२ ।

| | |
|---|---|
| डा. श्याम परमार : | लाघवत्व, अनुभूति र निरीक्षण, सरलभाषा, प्रभावोत्पादकशैली, लोकरञ्जन ।[११] |
| डा. कुन्दनलाल उप्रेती : | ज्ञान र अनुभवको सञ्चय, सार्वभौम र सार्वकालिक, अज्ञात रचयिता, रसको अक्षय भण्डार, लाघवत्व, सरसता, सप्राणता, विदग्धता, सारगर्भिता, लोप्रियता । |

नेपाली विद्वान्हरूबाट नेपाली उखानका विषयमा व्यापक र वैज्ञानिक किसिमले खोजअनुसन्धान र अध्ययन कार्य हुन सकेको छैन तैपनि अध्येताहरू नेपाली उखानका विशेषताका बारेमा चर्चा गर्दै आएका छन् । वर्तमान सन्दर्भमा विद्वानहरूले उखानका विशेषतालाई निम्न रूपमा प्रस्तुत बुँदाहरूमा गरेका छन् ।

### २.९.१ संक्षिप्तता

उखानको प्रमुख तत्त्व नै संक्षिप्तता हो । यसले गर्दा नै उखान लोकको मुखमा अडिरहन्छ । उखानको संक्षिप्ततामा दिए जति अर्थ व्याख्यामा दिन सकिँदैन । उखानमा कुनै शब्द पनि फाल्तु हुँदैन । थोरैमा धेरै अर्थ दिने कुरा भन्नु उखानको विशेषता हो ।

### २.९.२ लोकप्रियता र जीवन्तता

उखानहरू जीवन्त हुन्छन् । यिनको प्रयोग विशेष सन्दर्भमा हुन्छ । सान्दर्भिक प्रयोगले गर्दा कथ्य तथा लेख्य दुबै भाषालाई उखानले जीवन्त बनाउँछ । उखानले अभिव्यक्तिलाई सरस र प्रभावकारी बनाउनका निम्ति कथ्य र लेख्य दुवै रूपमा प्रयोग गरिने भएकाले यो लोकप्रिय हुन्छ ।

---

११ ऐजन ।

### २.९.३ सारगर्भितता

उखानका विशेषतामध्ये यो पनि एक हो । सानोतिनो कथा वा पूरा अनुच्छेदले अर्थ्याउनुपर्ने कथनलाई एक टुक्रा उखानले च्वाट्टै भनिदिन्छ र त्यसको प्रभाव पछिसम्म रहन्छ । उखानले तात्कालीन स्थिति र प्रयोगावस्थाका माझमा साँघुको काम गरेको हुन्छ । सादा कथनमा आलङ्कारिक चमक आउनु उखानको विशेषता हो । उखानमा नेपाली जीवनका अनमोल ज्ञान तथा अनुभूति सञ्चित भएको देखिन्छ । यसले लोकसाहित्यलाई धनी बनाएको छ ।

### २.९.४ सरलता र सरसता

नेपाली उखान सरल भइकन पनि सरस छन् । सरलताले गर्दा यी निकै प्रभावकारी हुन्छन् र भावसौन्दर्यले तिनलाई स्वतः हृदयस्पर्शी बनाउँछ । नेपाली उखानहरू चिटिक्क परेका र स्वादिला छन् भन्ने कुरा उखानले आफैं बताउँछन् ।

### २.९.५ स्पष्टता

उखान वाक्यात्मक रूपमा अभिव्यक्त सारगर्भित तथा सूत्रात्मक कथन हुन् । यस्ता सारगर्भित छोटा-मीठा उखान सुन्नेबित्तिक्कै त्यसको सान्दर्भिक अर्थ श्रोतालाई स्पष्ट हुन्छ । त्यसलाई घुमाई-फिराई व्याख्या गर्नु आवश्यक हुदैन् । कुनै गम्भीर कुरालाई छोटो-मीठो, सारपूर्ण रूपमा स्पष्ट किसिमले भन्न सक्नु, बताउन सक्नु उखानको विशेषता हो ।

### २.९.६ लोकानुभवको गहनता

उखानमा लोकका अनुभवहरू सँगालेर विभिन्न खालका भावहरू व्यक्त गरिएका हुन्छ । जुन गहनरूपमा रहेको हुन्छ । पुराना कुराहरूलाई सँगालेर बनेका उखानहरूले लोकमा गहन भूमिका निर्वाह गरेका हुन्छन् । यो पनि उखानको अर्को विशेषता हो ।

## २.९.७ सजीवता

उखानको विशेष गुण नै सजीवता हो । उखानले भाषामा प्राणसञ्चार गर्दै अभिव्यक्तिमा तीव्रता ल्याउँछ । यसमा काल्पनिक उडान नभई जनतामा दिनप्रतिदिन आइपर्ने जीवनभोगाइका यथार्थ चित्रण प्रतिविम्बित हुन्छन् । यो यथार्थपरक भएकाले यसमा सजीवता हुन्छ ।

हास्यव्यङ्ग्यका कोणबाट समेत कतिपय नेपाली उखान रमाइला र चुट्किला छन् । उखानको विशेषता नै छेडपेचका आधारमा हाँसो उमारी सुधारात्मक स्वर दिनु हो ।

## २.९.८ सार्वभौमिकता र सार्वकालिक अभिव्यक्ति

केही मानवीय अनुभवहरू जहाँ पनि जहिले पनि उही र उस्तै हुन्छन् । महान् वाणीहरू यस्तै अभिव्यक्ति हुन् । यस्ता उखानहरू जुनसुकै स्थान र भाषामा सधैं एउटै किसिमको सन्देश दिने गरी आएका हुन्छन् । समयगत दृष्टिले पनि ती सदैव शाश्वत रहन्छन् ।

## २.९.९ प्रभावोत्पादकता

उखानहरू चोटिला, धारिला, स्वादिला तथा रोचक र प्रभावकारी कथन हुन् । कुनै कुरालाई धेरै बेर विस्तारसँग भनिरहनुपर्ने स्थितिमा एउटै उखानको प्रयोगले सजिलैसित च्वास्स मुटुलाई छुने गरी भनिदिन सक्छ । यसले श्रोतालाई सहज किसिमले मार्मिक रूपमा प्रभाव पार्दछ । उखानको विशेषता नै चोटिलो प्रभावले श्रोताका हृदयमा चिरस्थायी प्रभाव पार्नु हो ।

### २.९.१०. रूपविविधता

नेपाली उखान बोलचालका प्रसङ्गमा सङ्केतात्मक वा दृष्टान्तमूलक भएर जनजिब्रामा स्वार्स्वारी आउँछन् । सूत्रबद्ध भईकन तुकबन्दीयुक्त हुनु पनि नेपाली उखानको विशेषता हो । तुक्का मिलेका उखान शैलीछटा भएका बान्कीदार र स्वादिला हुन्छन् । उखानका विभिन्न रूपहरू हुन्छन् जस्तै :

तुकबन्दीयुक्त उखान – जता मल्को उतै ढल्को

प्रश्नोत्तरात्मक उखान – किन चाउरिस् मरिच ? आफ्नै पीरले ।

गीत्यात्मक उखान – चामल पैसा धामीलाई बेथाजति हामीलाई

भाषान्तर प्रभावित उखान – ढङ्ग मरु, कसो गरु

### २.९.११ जातीय जीवनको सत्य

यसमा जातीय जीवनको अभिव्यक्ति हुन्छ । जातिका आफ्ना आदर्श र यथार्थ दुवै हुन्छन् । मानिसका महत्ता र लघुता, उच्चता र नीचता सबैको चित्रण उखानमा पाइन्छ । उखानमा यथार्थलाई ढाकछोप गरेर देखाउने प्रयास हुँदैन ।

आधुनिक युगमा जुनसुकै विषयको कुनै निश्चित सिद्धान्तका आधारमा वर्गीकरण गर्नु वैज्ञानिक प्रक्रिया हो । उखानको वर्गीकरणका निम्ति पनि यस्तै आधार आवश्यक हुन्छ । तर उखानको वर्गीकरण कुन रूपमा कसरी गर्ने भन्ने कुरा निकै जटिल छ । एउटै उखानलाई पनि परिस्थितिअनुरूप विभिन्न विधामा राख्न सकिन्छ । उखानको वर्गीकरण मूलतः दुई आधारमा भएको पाइन्छ :

## २.१० रूपात्मक वर्गीकरण

रूप पक्ष उखानको मूल आधार र शरीर हो । शब्दशक्ति अलङ्कार योजना, लयात्मक झङ्कार जस्ता बाह्य आवरणका कोणबाट रूपात्मक

वर्गीकरणको लेखाजोखा गरिन्छ । रूपकै विषयवस्तु भावकसमक्ष हस्तान्तरित हुन्छन् । रूपमा पनि मूलतः दुई हाँगा छन् । ती हुन् :

(क) शब्दशक्ति र (ख) संरचना ।

## (क) शब्दशक्ति

शब्दशक्तिका दृष्टिले पनि उखानलाई अभिधावृत्ति र लक्षणावृत्ति गरी दुई भागमा विभाजन गर्न सकिन्छ । अभिधामूलक उखानले टेढो अर्थ नबुझाई प्रत्यक्ष अर्थ व्यक्त गर्दछ । जस्तै : अल्छी तिघ्रो स्वादे जिभ्रो लक्षणामूलक उखानले भने सोझो अर्थ नबुझाई लक्ष्यार्थ व्यक्त गर्दछ । यस्ता उखानमा पनि कुनै-कुनै शब्दले अभिधा अर्थात् वाच्यार्थ प्रकट नगर्ने होइनन् तर तिनको स्थान गौण नै हुन्छ । जस्तै : म ताक्छु मुढो बन्चरो ताक्छ घुँडो ।

संरचनात्मक दृष्टिले उखानमा पाइने बाह्य तत्त्वको अध्ययन गरिन्छ । यहाँ संरचना भन्नाले उखानको आकारप्रकार र त्यसको निर्माण-प्रकृतिलाई सङ्केत गरिएको हुन्छ । जस्तै :

अनुप्रासमूलक – रङ्ग न ढङ्ग, भरिभङ्ग ।

आकारगत – नासो-पासो (लघु आकार) ।

उपमानमूलक – इन्द्रका अगाडि स्वर्गको बयान ।

- बुहारी बराज्यूको थाल कता ....... (बृहत् आकार) ।

गीतिप्रधान –केटाकेटी आए, गुलेली चलाए, चरा मार्न सकेनन् पुतली हात लाए ।

तुकबन्दीयुक्त – पानी खानु मूलको, बिहे गर्नु कुलको ।

प्रश्नमूलक – आफैं त महादेव उत्तानो टाङ कसले देला वर ?

प्रश्नोत्तरात्मक – के खोज्छस् काना ? आँखाँ ।

## (ख) विषयात्मक वर्गीकरण

उखानले मूलभूतरूपमा कुनै विषयवस्तुलाई सङ्केत गरिरहेको हुन्छ । यसले अनुभूति वा विचारलाई प्रभावकारी र अभिव्यञ्जनात्मक रूपले अरूछेउ पुऱ्याउन ठूलो भूमिका खेलेको हुन्छ । लोकजीवनका विविध पक्ष जस्तै : सामाजिक परिवेश, नैतिक मर्यादा, धार्मिक-सांस्कृतिक पर्यावरण जीवनदर्शन, नीतिचेतना, पारिवारिक चलन-चाँजो, आदि यसका विषय हुन् । यसलाई पाँच वर्गमा विभाजित गर्न सकिन्छ । जस्तै :

सामाजिक तथा नीतिचेतनासम्बन्धी - काम पनि नाइँ, माम पनि नाइँ ।

ज्ञान-विज्ञानसम्बन्धी - आधा गाग्रो पानी छचल्किन्छ ।

कृषिव्यवसायसम्बन्धी - अल्छे तिघ्रो, स्वादे जिभ्रो ।

लोकविश्वाससम्बन्धी – भाग्यमा भए परीपरी आउँछ ।

हास्यव्यङ्ग्यसम्बन्धी – जब पऱ्यो राति, अनि बूढी ताती ।

इतिहाससम्बन्धी – बूढा मरै, भाषा सरै ।

प्रकृतिसम्बन्धी – पुस फासफुस ।

पशुपंक्षीसम्बन्धी – उत्ताउलो गाई बाघले खाई ।

निष्कर्षमा उखानहरूलाई विषय, शैली, संरचना, कथा आदि आधारबाट वर्गीकरण गर्न सकिन्छ । हरेक आधारबाट उखानले मानव जीवनमा गहिरो छाप पारेका हुन्छन् । त्यसैले मानव समाजमा उखानको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ ।

# तेस्रो परिच्छेद

# नेपाली भाषामा प्रचलित नारीविषयक उखानहरूको सङ्कलन

## ३.१ परिचय

नेपाली उखानमा पारिवारिक जीवन, सामाजिक तथा सांस्कृतिक दृष्टिकोण, तत्सम्बन्धी समस्या, शिक्षा तथा नीतिचेतना आदि विभिन्न विषयका उखानहरू पाइन्छन् । उखानमा पारिवारिक जीवनसम्बन्धी कुराहरू पनि व्यक्त भएका हुन्छन् । व्यक्तित्वको निर्माण वा उसको संस्कारमा पारिवारिक जीवनको विशिष्ट भूमिका रहने हुनाले नेपाली उखानमा परिवारका सदस्यको आचरण तथा व्यवहारलाई सुधारी जीवनमा उज्यालो छर्न चाहेको देखिन्छ ।

नेपाली उखानले नारीलाई गृहलक्ष्मीको रूपमा चित्रित गरिएको पाइन्छ । आमा, पत्नी, छोरी, बुहारी र सासूको प्रसङ्ग तिनमा बढी आउँछ । नेपाली उखानमा नारीहरूलाई सकारात्मकभन्दा नकारात्मक रूपमा बढी प्रस्तुत गरिएको छ । उखानमा नारीहरूलाई समाजमा गरिने शोषण, दमन र उनीहरूको मानसिक छटपटी र उत्पीडनहरूलाई चित्रण गरिएको छ ।

## ३.२ नारीसम्बन्धी उखानहरूको सङ्कलन

(१) अङ्गारभन्दा काली दश ठाउँमा टाली, अनुहार न दनुवार पोई खोज्न थाली ।

(२) अघि राँडले जानिन पछि राँडले मानिन, बाघ लाग्यो घिच्याउन राँड लागी चिच्याउन ।

(३) अरूकी लक्ष्मी भए पनि साँढेकी त जोई ।

(४) अर्घेली बुहारी, (घिउ चोरी खान्छे) ।

(५) अल्छी गर्ने स्वास्नी बिग्रिन्छे, बल्छी खाने माछो बिग्रिन्छ ।

(६) आँट नभएको लोग्ने र साँच नभएकी स्वास्नी काम लाग्दैनन् ।

(७) आइमाईलाई सारी, मुसलमानलाई दाह्री, के खोज्छस् भोटिनी नाम्लाको भारी ।

(८) आई बुढी मच्चिँदै, गई बुढी थच्चिँदै ।

(९) आउन त आइन् लक्ष्मी गुहु खाएर आइन् ।

(१०) आजै टीका नलाएको आजै तन्नेरी भेटेको ।

(११) आफू त डल्ली गोडामा कल्ली ।

(१२) आफू राँड त देसै भाँड ।

(१३) आफैं बोक्सी आफैं धामी ।

(१४) आफ्नी आमाले दिएको सिस्नोभात, सानीआमाले दिएको दूधभात ।

(१५) आफ्नी छोरी नखर्माउली तन्नेरीलाई दोष ।

(१६) आफ्नो बुद्धि र अर्काकी स्वास्नी सबैलाई राम्रै लाग्छ ।

(१७) आमाको काख अरूको लाख ।

(१८) आमाको काखमा बसी मावलीको पुर्खौली ।

(१९) आमाको दूध चुसेर पुगेन बाबुको घुँडो (चुसेर के हुन्छ ?)

(२०) आमाको हात छोरीको मुख ।

(२१) आमा छउन्जेल माइती ।

(२२) आमाछोरीको ऐचोपैंचो बाबुछोराको लेनदेन ।

(२३) आमाभन्दा छोरी बोक्सी ।

(२४) आमा भन्दा छोरी बाठी

(२५) आमा भिख माग्न दिन्नन्, बाबु खान दिन्नन् ।

(२६) कि रानी होलिस् कि राँडी होलिस् ।

(२७) कान्छीको पादै प्यारो, जेठीको बोलाइ नै साह्रो ।

(२८) उहिले मरिन् सासू, अहिले आए आँसु ।

(२९) कहिले सासूको पाली कहिले बुहारीको पाली ।

(३०) एक स्वास्नीको पोई ब्रम्हचारी, दुई स्वास्नीको पोइ कर्महारी ।

(३१) एउटा पोइका दुइटी स्वास्नी, लगौंटी तानातान ।

(३२) जहाँ तरूल खन्नु त्यही बुढी गाड्नु ।

(३३) उभिएको निन्द्रा ढुकेको भात, चोरकी स्वास्नी पुग्दैन आँत ।

(३४) उजेली पुजेली दिन गुमाई, जुनेली रातमा विस्कुन सुकाई ।

(३५) कुन त बुहारी भट्मास खाएकी ।

(३६) कुलकी छोरी मूलको पानी ।

(३७) के गर्छेस् बुहारी ? पोख्छु, उठाउँछु ।

(३८) के गर्छ्यौ बुढी आमै ? लिखा टिप्छु बाबै ।

(३९) केटी नहेर्नु केटीकी आमा हेर्नु ।

(४०) खल्लो पानी मल्लो झोल खा राँडी तातो झोल ।

(४१) खसी काटेर तिहुन भएन, छोरी दिएर ज्वाइ भएन ।

(४२) खाँडी पाँगा हर ढकनी , गडाँई स्वास्नी दिन कटनी ।

(४३) ख्यालमा ख्याल बुढीमाथि स्याल ।

(४४) गनगने सासु फनफने बुहारी ।

(४५) गरीबलाई दिउँला नभन्नू, राँडीलाई लैजाउँला नभन्नू ।

(४६) गाउँभरी तरूनी, कता गई मरूँ नि ।

(४७) गेडा न गुडी केलाउँछे बुढी ।

(४८) घिउ खान्छेस् बुहारी ? पातै सुद्धा ।

(४९) चेली भन्थी माइती, माइती भन्थे किन आइथी ।

(५०) चोर्ने बुहारीलाई भँडार सुम्पनू ।

(५१) चौटा खान आएकी बुढी, झोलमा डुबेर मरी ।

(५२) छोरी कुटी बुहारी तर्साउनु ।

(५३) छोरीको बाबुले मुख थाम्नुपर्छ ।

(५४) छोरी पायो ज्वाँइलाई , छोरा पायो बुहारीलाई ।

(५५) छोरी पोसी ज्वाँइलाई, पोइ पोसी सौतालाई ।

(५६) छोरी मरी गाल टारी ।

(५७) छोरी मरी ठूला घर परी ।

(५८) छोरीलाई भन्नू, बुहारीलाई सुनाउनू ।

(५९) जताबाट भए पनि बूढीलाई गोसाइथान ।

(६०) जब पऱ्यो राती, अनि बूढी ताती ।

(६१) जसकी आमा त भँडारे उसलाई खानको के दुःख ।

(६२) जहाँ स्त्री उहीँ श्री ।

(६३) जाँड बिग्रने मर्चागुना, छोरी बिग्रने आमागुना ।

(६४) जूत्ता लाउनु ठूलो, स्वास्नी ल्याउनु सानी ।

(६५) जेठी माग्छे पानी, कान्छी माग्छे घाम, म एक्लो बूढो कतातिर जाम ।

(६६) जेठीलाई पिँढी, कान्छीलाई छिँडी ।

(६७) जैसीका छोरी राँड, वैद्यका छोरीको गलगाँड ।

(६८) जो बोक्सी उही सुडेनी ।

(६९) झगडिया स्वास्नी काउसाको माला ।

(७०) झगडा नभए दुइटी स्वास्नी ल्याउनू, रीन नभए जमानी बस्नू ।

(७१) टकटका राँडीको कोई न कोही ।

(७२) टाँइटुइँ बुहारी बडी निकी, वर्ष दिनकी बुहारी घुँडो ठोकी ।

(७३) ठाउँ न ठहर बुढीको रहर ।

(७४) ठूलो गाँस नहाल बुहारी कण्ठश्री चुँडिएला ।

(७५) डरको दर्जा छैन, झम्टेर स्वास्नी पाइँदैन ।

(७६) तरूनीको कान बञ्चराले हान ।

(७७) तरूनी बेस्से सातवटा पोइ, मर्न लागे कोई न कोई ।

(७८) तरूनीको ठानठुन बुढियाको ओखलघान ।

(७९) तीन पैसाकी कमारीलाई छ पैसाको गुन्युँ ।

(८०) तीर्थ जानु काशी, स्वास्नी ल्याउनु जाँची ।

(८१) तैं रानी मै रानी , को भर्ला कुवाको पानी ।

(८२) दुई जोईको पोइ, कुना पसी रोई ।

(८३) बेहुलीलाई रातो, सुत्केरीलाई तातो ।

(८४) देख्नाकी रानी, नजान्ने बानी ।

(८५) नहुनेकी छोरी हुनेमा परी, नुनको फाँको हाली भुतुक्क मरी ।

(८६) नामर्दकी जोई हुनुभन्दा मर्दकी कमारी हुनु जाति ।

(८७) नुन हालिस् बुहारी ? के बित्यो सासू ।

(८८) पोइल जाने स्वास्नीको लामो फट्को ।

(८९) फुपूको धन मामाको श्राद्ध ।

(९०) बाँझी स्वास्नीको लामो फट्को ।

(९१) माइत जाँदा आइमाईहरू बर्सीका पोथ्रा नाघ्दै जान्छन् ।

(९२) राँडीलाई पोतेको रहर ।

(९३) राँडीलाई ढोगीदिए मै जस्ती भएस् भन्छे ।

(९४) लागे लाग मोहनी नलागे घरमा छन् सातोटी ।

(९५) लाटी छोरीको स्वाइँ खुवाइ स्वाद न व्याद ।

(९६) लुगा धोइस् बुढी ? सुघिँहेर बूढा ।

(९७) लोग्नेको घर छैन, स्वास्नीको जात छैन ।

(९८) लोटिस् बूढी बाटै काटी ।

(९९) लोग्ने स्वास्नीको झगडा परालको आगो ।

(१००) वर सर बुहारी काख चेलो छ, पर सर बुहारी काख चेलो छ, खान लाग्यौ बुहारी बराज्यूको ठूलो थाल कता छ ?

(१०१) बिनाकुराको हाँसो बिनाख्यालकी स्वास्नी ।

(१०२) श्राद्धको सालो तिहारको ज्वाँइ, जाडाको लठ्ठी, बूढीको स्वाइँ ।

(१०३) सह्राएकी बुहारी डुमघर जाई ।

(१०४) साली कसकी ? भेनाकी ।

(१०५) सालीज्यूको आस गर्दा भिनाज्यूको स्वर्गबास ।

(१०६) सासूको रिसले सातभारी मल बोकेँ ।

(१०७) सासूले खाएकी बुहारी, पानीले खाएको खेत ।

(१०८) सिंदुर हालेकी स्वास्नी र रूपियाँ राखेको जागिर ।

(१०९) सुन्-सुन् बुहारी तेरो पोइको कुरा, सुन्दिन सासू, उराठलाग्ने कुरा ।

(११०) स्वास्नीको जत काल, लोग्नेको कड् काल ।

(१११) सौताको रिसले पोइको काखमा मुत्ने ।

(११२) सौतिने घर दिनँहुको खल ।

(११३) हाँडीमा कनिका छउन्जेल राँडीलाई निद्रा लाग्दैन ।

(११४) हिस्स बूढी किच्च दाँत ।

(११५) होचाकी जोई सबैकी भाउज्यू ।

(११६) उम्केको माछो तीन धार्नी, मरेकी छोरी जम्दार्नी ।

(११७) दूध उम्ले अँगेनामा, छोरी उम्ले खाल्टामा ।

(११८) नदिने बज्यै बुधबार बार्छिन् ।

(११९) नौली दुल्हैको नौ पुला गाँस, रहँदा-बस्दा जगल्टाको नास ।

(१२०) बाह्र वर्षमा पोइ आयो, म राँडीलाई ज्वरो आयो ।

(१२१) छोरी पाल्नेले बुहारी पाल्दैन ।

(१२२) छोरा पाए खसी, छोरी पाए फर्सी ।

(१२३) छोरा भए संसार उज्यालो, छोरी भए भान्छा उज्यालो ।

(१२४) आइमाईको सल्ला, खरानीको डल्ला ।

(१२५) स्वास्नी भनेको पैतालाको धुलो ।

(१२६) पोथी बासेको धेरै राम्रो हुँदैन ।

(१२७) माइतीको थात लोग्नेको लात ।

# चौथो परिच्छेद

# सङ्कलित उखानहरूको वर्गीकरण र विश्लेषण

## ४.१ सङ्कलित उखानहरूको वर्गीकरण

उखानहरू संसारका सबै भाषाहरू पाइन्छन् । कुनै पनि समाजमा प्रचलित उखानले त्यहाँको लोकजीवन, जीवनशैली, रहनसहन, रीतिरिवाज, जाति, धर्म, पेसा, आस्था, इतिहास, घटना आदि विविध पक्षको यथार्थ चित्रण गरेका हुन्छन् । उखानका यस्ता पक्षले सम्बन्धित समाजको जीवनशैलीलाई बुझ्न मद्धत पुऱ्याउँछन् ।

यस अध्ययनपत्रमा सङ्कलित उखानहरू नारीहरूसँग सम्बन्धित उखान हुन् । यहाँ सङ्कलित उखानहरूमा नारीहरूमाथि गरिने व्यवहारलाई हेर्न खोजिएको छ । यी उखानहरूमा नारीहरूका विभिन्न पक्षहरू समेटिएका छन् । हाम्रो समाजमा नारीहरूलाई सकारात्मक रूपमा भन्दा नकारात्मक रूपमा चित्रण गर्ने प्रवृत्ति देखापर्छ । जे होस्; यस अध्ययनपत्रमा सङ्कलित नारीविषयक उखानहरूलाई चार आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ ।

## ४.२ पारिवारिक जीवनसँग सम्बन्धित उखानहरू

प्रस्तुत अध्ययनपत्रमा सङ्कलित नेपाली उखानमा परिवारका सदस्यको आचरण र व्यवहारलाई सुधारी जीवनमा उज्यालो छर्न चाहेको देखिन्छ । यी उखानमा नारी र पुरूषको चित्रण आफ्नै किसिमले गरेको देखिन्छ । यसलाई पनि विभिन्न भागमा वर्गीकरण गरी विश्लेषण गर्न सकिन्छ । जस्तै :-

(क) विवाह भई माइतीमा आएका नारीहरूलाई विषयवस्तु बनाइएका उखानहरू,

(ख) सधवा नारीहरूलाई विषयवस्तु बनाइएका उखानहरू,

(ग) विधवा नारीहरूलाई विषयवस्तु बनाइएका उखानहरू,

(घ) लोग्नेस्वास्नीसँग सम्बन्धित उखानहरू,

(ङ) सौता सौता बीचका द्वन्दको चित्रण गरिएका उखानहरू,

(च) नारीका विभिन्न उमेर र अवस्थासँग सम्बन्धित उखानहरू

## (क) विवाह भई माइतीमा आएका नारीहरूलाई विषयवस्तु बनाइएका उखानहरू

प्रस्तुत अध्ययन पक्षमा सङ्कलित नारीविषयक उखानहरूलाई हेर्दा कतिपय उखानहरू विवाह भई माइतीमा आएका नारीहरूका विषयवस्तुसँग सम्बन्धित देखिन्छन् । जस्तै :-

- चेली भन्थी माइती, माइती भन्थे किन आइथी ।
- आमा छउन्जेल माइती
- आफ्नी आमाले दिएको सिस्नोभात, सानीआमाले दिएको दूधभात,
- आमाको हात छोरीको मुख
- माइती जाँदा आइमाईहरू बसीका पोथ्रा नाघ्दै जान्छन् ।
- छोरी पाल्नेले बुहारी पाल्दैन ।
- माइतीको थात लोग्नेको लात ।

उपर्युक्त उखानहरूमा विवाह भइसकेका चेलीहरूसँग सम्बन्धित छन् । यी उखानहरूमा कतै नारीहरूलाई सकारात्मक रूपमा प्रस्तुत गरिएको छ भने केहीमा उनीहरूलाई नकारात्मक रूपमा प्रस्तुत गरेको पाइन्छ । **आमा छउन्जेल माइती** आमाको हात छोरीको मुख आदि उखानहरूमा विवाहित चेलीलाई माइत आउँदा आमाले जति स्नेह र माया कसैले गर्दैनन् र आमा हुन्जेलसम्म मात्र माइत माइती जस्तो रहन्छ भन्ने कुरालाई प्रस्तुत गरिएको पाइन्छ । त्यस्तै विवाहिता चेली बिहेपछि पनि बस्न थाली भने

त्यो घरमा झगडा र भाँडभैलो हुन्छ भन्ने कुरा पनि कतिपय उखानमा प्रकट भएको पाइन्छ । जस्तै :- छोरी पाल्नेले बुहारी पाल्दैन आदि ।

उक्त प्रकृतिका उखानहरूमा विवाहिता चेलीहरूलाई चेली स्वयम्, माइती र अन्य पक्षहरूबाट के कसरी हेरिन्छ भन्ने कुरा प्रकट भएको पाइन्छ ।

## (ख) सधवा नारीहरूलाई विषयवस्तु बनाइएका उखानहरू

प्रस्तुत अध्ययन पत्रमा सङ्कलित नारीविषयक उखानलाई हेर्दा तिनमा सधवा महिलाहरूलाई विषयवस्तु बनाइएका उखानहरू पनि हाम्रो समाजमा प्रचलित रहेको देखिन्छ । जस्तै :

– सिन्दुर हालेकी स्वास्नी र रूपियाँ राखेको जागिर ।
– जहाँ स्त्री उहीं श्री ।
– अरूकी लक्ष्मी भए पनि साँडेकी त जोई ।
– अल्छी गर्ने स्वास्नी बिग्रन्छे बल्छी खाने माछो बिग्रन्छ ।
– झगडिया स्वास्नी काउसाको माला ।

पारिवारिक जीवनसँग सम्बन्धित उखानहरूमा सधवा नारीहरूलाई विषयवस्तु बनाइएका अनेक उखानहरू भेटिएका छन् । यी उखानहरूमा कतै नारीहरूलाई गृहलक्ष्मीको रूपमा चित्रित गरेको पाइन्छ भने कर्त नारीहरूलाई झगडालु अल्छी र केही पनि नजान्ने भनेर होच्याउने पनि पाइन्छ । हाम्रो समाजमा बुहारीलाई चाहि प्राय : हेलाको दृष्टिले हेर्न गरेको पाइन्छ ।

उपर्युक्त उखानहरूले नारीलाई राणाकालमा रूपियाँ राखेर जागिर सुरक्षित तुल्याए जस्तै सिन्दुर हालेकी स्वास्नीलाई आफ्नो निजि वस्तुसरह हेर्ने गरेको पाइन्छ

भने नारीलाई लक्ष्मीको रूपमा चित्रण गरे पनि स्वास्नी भनेका स्वास्नी नै हुन् भन्ने भाव व्यक्ति भएका उखानहरू पनि छन् ।

**जहाँ स्त्री उँही श्री** जस्ता उखानले नारीलाई लक्ष्मी वा श्री सम्पत्तिका रूपमा पनि चित्रण गरेर उनीहरूलाई सम्मान पनि दिएकै छन् । यस्तै अल्छी गर्ने स्वास्नीमान्छे वल्छी खाएको माछोजस्तै समाप्त हुन्छे भनेर स्वास्नीमान्छेले अल्छी गर्न हुँदैन भन्ने तात्पर्य पनि कतिपय उखानले झल्काएका छन् । झगडा गर्ने स्वास्नीहरू काउसाको माला जस्तै निरर्थक र अस्वस्थ हुन्छन् भन्ने भाव पनि माथिका उखानमा पाइन्छ । यसरी हाम्रो समाजमा सधवा नारीहरूलाई विषयवस्तु बनाइका कतिपय उखानहरू पनि चलेकै छन् ।

## (ग) विधवा महिलाहरूलाई विषयवस्तु बनाइएका उखानहरू

प्रस्तुत अध्ययनपत्रमा सङ्कलित उखानहरूलाई हेर्दा नेपाली समाजमा विधवा महिलाहरूलाई विषयवस्तु बनाइएका अनेक उखानहरू प्रचलित छन् । जस्तै :

- टक-टक राँडीको कोही न कोही
- कि रानी होलिस कि राँडी होलिस्
- अघि राँडले जानिन पछि राँडले मानिन, बाघ लाग्यो घिच्याउन राँड लागी चिच्याउन ।
- आफू राँड, देसै भाँड ।
- गरिबलाई दिउँला नभन्नु, राँडीलाई लैजाउँला नभन्नु ।
- राँडीलाई पोतेको रहर आदि ।

उपर्युक्त उखानहरूलाई हेर्दा नेपाली समाजमा विधवा नारीहरूलाई हेलाको दृष्टिले हेरेको पाइन्छ । विधवा नारीहरूबाट छोइएका कुराहरू आपसकुन हुन्छन् । उनीहरूले आफु जस्तै अरूलाई पनि ठान्छन सबैलाई म जस्तै होऊन् भनी कामना गर्छन् भन्दै विधवाहरूलाई घृणा र तिरस्कारका दृष्टिले हेर्ने गरेको पाइन्छ । वास्तवमा

विधवा नारीहरू पनि समाजका अरू नारीसरह हुन्छन् । उनीहरूको पनि आफ्नो अस्तित्त्व हुन्छ । तर समाजमा लोग्ने नभएकाहरूलाई अपमान गर्ने गलत संस्कार र प्रवृत्तिहरू देखिन्छन् । त्यसैले नारीहरू त्यसमा पनि विधवाहरूलाई आक्षेप र लाञ्छना लगाइएका यस्ता उखानहरू लोकव्यवहारमा नचलाउनु नै बेस हुन्छ ।

विधवाहरूसँग सम्बन्धित उपर्युक्त उखानहरूलाई हेर्दा एकातिर उनीहरूलाई राँडी फूँडी जस्ता निकृष्ट शब्दावलीको प्रयोग गरी अपहेलना गरेको पाइन्छ भने अर्कातिर त्यस्ता नारीहरूका आफ्ना भन्नु कोही पनि हुँदैनन् भन्ने कथन अभिव्यक्त भएको देखिन्छ । त्यस्तै विधवाहालाई कुनै आशा देखाउनु हुँदैन । उनीहरू जीवनका अनावश्यक एवं अनुपलब्ध कुराहरूको आशा गर्छन भन्दै उनीहरूप्रति हेला प्रकट गरिएको पनि देखिन्छ । त्यतिमात्र होइन् विधवाहरू आफू राँड त भए भए उनीहरूले सिङ्गो देश वा समाजलाई भाड्ने काम गर्छन् भनेर पनि उनीहरूप्रति तिरस्कार भाव व्यक्त गरिएको पनि देखिन्छ । अवश्यै वर्तमान समयमा चेतनाको विकास हुँदै जाँदा पतिविहीन नारीहरूलाई हेर्ने दृष्टिकोणमा केही परिवर्तनका लक्षणहरू देखिँदा छन् तर पनि लोकजीवनमा परम्परागतरूपमा प्रचलित हुँदै आएका यस खालका उखानहरू र तिनमा अभिव्यक्त विचारहरूको प्रभाव भने समाजमा कायमै रहेको देखिन्छ ।

## (घ) लोग्नेस्वास्नीसँग सम्बन्धित उखानहरू

नेपाली समाजमा लोग्नेस्वास्नीसँग सम्बन्धित उखानहरू पनि निकै मात्रामा प्रचलित छन् । यस्ता उखानमा परिवारमा लोग्ने र स्वास्नीको के कस्तो स्थान छ र लोग्नेले स्वास्नीलाई र स्वास्नीले लोग्नेलाई के कस्तो रूपमा हेर्दछन् भन्ने कुरालाई यस्ता उखानहरूले स्पष्ट पार्दछन् । जस्तै :-

- जसको जोई छैन उसको कोही छैन ।
- लोग्नेस्वास्नीको झगडा परालको आगो ।
- लोग्नेको घर छैन स्वास्नीको जात छैन ।

– आँट नभएको लोग्ने साँच नभएकी स्वास्नी केही काम लाग्दैनन्, आदि ।

माथिका उखानहरूमा लोग्ने र स्वास्नीको सम्बन्ध राम्रो हुनुपर्छ भन्ने देखाइएको छ । लोग्ने बलियो र दरिलो नभए उसकी स्वास्नीलाई सबैले हेप्दछन् भन्ने कुरा पनि कतिपय उखानमा देखाउन खोजिएको छ । स्वास्नी नभएको लोग्ने मानिसको अरू जतिसुकै आफन्त नातेदार भए पनि कोही नभएको जस्तो हुन्छ भनेर परिवारमा स्वास्नीलाई उच्च श्रेणीमा राखेको पनि पाइन्छ । त्यस्तै लोग्ने स्वास्नी आपसमा जति झगडा गरे पनि उनीहरूको त्यो झगडा परालको आगोसरह हुन्छ भन्ने भाव पनि माथिको एउटा उखानमा पाइन्छ ।

जोइ नहुने लोग्नेमानिसहरूका निम्ति अरू कोही हुँदैन भनी लोग्नेका निम्ति स्वास्नी सबैथोक हो भन्ने भाव पनि माथिको उखानमा व्यक्त भएकै छ । त्यस्तै यदि लोग्ने होचो अर्थात कमजोर छ भने उसकी स्वास्नीलाई सबैले हेप्छन् भन्ने कुरा पनि उपर्युक्त एउटा उखानमा व्यक्त गरेको छ । यसैगरी लोग्नेमान्छेमा आँट हुनुपर्छ भने स्वास्नीमान्छेमा भोलिका निम्ति साँच्ने संस्कार हुनुपर्छ अन्यथा घरपरिवारमा यस्ता लोग्नेस्वास्नीको कुनै औचित्य हुँदैन भन्ने कथनलाई पनि उपर्युक्त एउटा उखानले अघि सारेकै छ । यसरी हाम्रो समाजमा लोग्ने स्वास्नी बीचको सम्बन्ध र घरपरिवारमा उनीहरूको भूमिकाको चित्रण गरिएका यस्ता थुप्रै उखानहरू प्रचलित छन् ।

### (ङ) सौताका बीच द्वन्दको चित्रण गरिएका उखानहरू

प्रस्तुत अध्ययनपत्रमा सङ्कलित नारीविषयक नमुना उखानहरूलाई हेर्दा तिनमा सौता-सौता बीचको द्वन्द बारे पनि चित्रण गरिएको पाइन्छ । एउटी नारीले अर्की नारीलाई सौता भनेपछि पटक्कै मननपराउने संस्कारको अभिव्यक्ति यस्ता उखानमा पाइन्छ । यस वर्गमा पर्ने उखानहरू हुन् :

– सौताको रिसले पोइको काख मुत्ने ।

– सौतनी घर दिनँहुको कल ।

– दुई जोइको पोइ कुना पसी रोइ आदि ।

उपर्युक्त उखानहरूमा एउटी नारीले अर्की नारीलाई सौताको रूपमा देखिनसहने प्रवृत्तिको चित्रण गरिएको छ । नारी जब सौताको रूपमा घरमा भित्रिन्छे तब घरमा कलह सुरू हुन्छ सौता खेर्ने लोग्नेहरू कुनामा पसेर रुनुवाहेक तिनका निम्ति अरू कुनै उपाय हुदैन् । हाम्रो समाजका बहुविवाह प्रथा, लोग्ने मान्छेको स्वास्नी खेर्ने प्रवृत्ति अनि आपसमा कुनै पनि हालतमा मिलेर नबस्ने सौता-सौता बीचका पारिवारिक अन्तर्द्वन्द र कलहलाई यस्ता उखानले चित्रित गरेका छन् ।

आखिर सौता-सौता भनेका नारीहरू नै हुन् । तर पनि ती नारीहरू सौताका रूपमा उपस्थित हुँदा एकले अर्कालाई देखि सहदैनन् र घरपरिवारबाट आफ्नो हक, अधिकार र भाग खोसिएको अनुभव गर्छन् । यसले गर्दा एकातिर परिवारमा दिनँहुको कलझगडा पैदा हुन्छ भने अर्कातिर एउटी नारीले अर्की नारीलाई सत्तोसराप हालेर जीवन बिताउन पर्ने परिस्थिति सृजना हुन्छ । त्यसैले यस्ता समस्याहरू घरपरिवारमा कहिल्यै पैदा नहुन र परिवार स्वास्थ्य बन्न सकोस भन्ने सदाशयले पनि समाजमा सौता सौता बीचको कटुतालाई अभिव्यक्त गर्ने यस प्रकारका अनगिन्ती उखानहरू प्रचलित छन् र यस्ता उखानले नगरी र पुरूषहरूलाई प्रचलित छन् र यस्ता उखानले नगरी र पुरूषहरूलाई बहुविवाह एवं त्यसबाट पैदा हुने विकृतिहरू प्रति सचेत गराएका हुन्छन् ।

## (च) नारीका विभिन्न उमेर र अवस्थासँग सम्बन्धित उखानहरू

प्रस्तुत अध्ययनपत्रमा सङ्कलित उखानमा नारीका विभिन्न उमेर र अवस्थासँग सम्बन्धित उखानहरू विभिन्न उमेर र अवस्थासँग सम्बन्धित कतिपय उखानहरू पनि नेपाली लोकजीवनमा प्रचलित भएका देखिन्छन् । यसभित्र आमा, सासू, बुढी जस्ता वयस्क नारीहरूसँग सम्बन्धित उखानहरू छोरी बुहारी जस्ता उमेरका विवाहित

नारीहरूसँग सम्बन्धित उखानहरू पनि पर्दछन् । यस प्रकारका उखानहरूका केही नमूना उदाहरणका निम्ति प्रस्तुत गरिएका छन् :

- आइ बुढी मच्चिदै गई बुढी थच्चिदै ।
- कहिले गरी सासू अहिले आए आँसु ।
- तरूनीको कान बञ्चरोले हान् ।
- लडिस् बुढी, बाटै काटिस् ।
- सिस्स बुढी किच्च दाँत ।
- छोरीको जन्म हारेको कर्म ।
- साली कसकी, भेनाकी ।
- छोरी मरी ठूला घर परी ।
- छोरी मरी गाल टरी ।
- कहिले सासूको पाली कहिले बुहारीको पाली आदि ।

नारीका विभिन्न उमेर, अवस्था र तिनका क्रियाकलापलाई सङ्केत गर्ने खालका उपर्युक्त उखानहरूलाई हेर्दा तिनमा एकातिर बुढीआमा, सासू जस्ता वयस्क नारीहरूका बानी वेहोरा र क्रियाकलापलाई समेटेर उखानहरू बन्ने गरेको देखिन्छ । यस खालका उखानहरूमा प्राय : आमा, सासूजस्ता वयस्क नारीहरू र तिनका क्रियाकलापलाई आक्षेप गरेर व्यङ्ग्यात्मक रूपमा टिकाटिप्पणी गरिएको भेटिन्छ । आमा, सासूहरू उमेर र अवस्थाले परिपक्व हुन्छन् र तिनका आफ्ना सन्तती प्रतिका व्यवहारहरू उपयोगी र मार्गनिर्देशक हुन्छन् भन्ने भनाइ यसखालका उखानमा कमै भेटिन्छन् । आमा, सासू भनेका घरपरिवारमा प्राय : कचकच गर्ने एवं छोरी बुहारीका निम्ति अप्ठ्यारो अवस्था सृजना गर्ने खालका काम गर्छन् भन्ने खालको भावलाई नै समेट्ने गरेको पाइन्छ ।

उमेर अवस्थासँग सम्बन्धित नारीविषयक उपर्युक्त उखानहरूमा छोरी बुहारी र तिनका क्रियाकलापसँग सम्बन्धित उखानहरू पनि लोकजीवनमा प्रयाप्त मात्रामा प्रचलित छन् । यस्ता उखानहरू मध्ये कतिपय आमा सासूका तर्फबाट छोरी बुहारीका निम्ति व्यङग्यात्मक टिप्पणी  गरिएका पनि पाइन्छन् । यसबाट हाम्रो समाजमा आमा सासू र छोरी-बुहारीका बीचको सम्बन्धलाई मित्रवत् प्रस्तुत गर्नु भन्दा शत्रुवत् हेर्ने प्रवृत्ति ज्यादा देखिन्छ । यसैले पनि होला उपयुर्क्त दुई भिन्न उमेर र अवस्थाका नारीहरूका बीचको सु-सम्बन्धको चित्रण उपयुर्क्त उखानहरूमा कमै देखिन्छ ।

अशिक्षा र चेतनाको कमीको कारणले छोरी, बुहारी भनेका एकै हुन् र आमा सासू भनेका छोरी बुहारीका निम्ति अभिभावकतुल्य हुन् भन्ने दृष्टिकोण यस्ता नारीविषयक उखानहरूमा सापेक्ष रूपमा कमै मात्र पाइन्छ । अझ त्यसमा पनि सासूका निम्ति बुहारी र बुहारीका निम्ति सासू घरपरिवारका परस्पर विरोधी तत्त्व हुन् भन्ने भावलाई नै यस्ता नारीविषयक उखानहरूले अभिव्यक्त गरेका छन् ।

उमेर र अवस्थासँग सम्बन्धित उपयुर्क्त उखानहरूमा नारी वा छोरीप्रति नेपाली समाजको आक्षेपपूर्ण धारणा रहेको देखिन्छ । बिहेवारीका सन्दर्भमा **मूलको पानी कुलकी छोरी** भनेर बुहारी बनाउनका निम्ति राम्रो घरानाको हुनुपर्छ अन्यथा घर बिग्रन्छ भन्ने धारणा राखिएको पाइन्छ । यसको विपरीत छोरा पनि घरानाको हुनुपर्छ भन्ने भनाइ चाहिँ त्यति देखिदैन । त्यसै गरी उमेरका नारीहरूले अरूले भनेका कुराहरू सुन्दैनन् भनेर तरूनी छोरी बुहारी उमेर अवस्थाले अरूका कुरा नसुन्ने एकोहोरो खालका हुन्छन् भन्ने भावलाई **तरूनीको कान बन्चराले हात** जस्ता उखानले अगाडि सारेका छन् ।

त्यस्तै विवाह गरेर घर गएका बुहारीहरूलाई काम गर्न अघि नसर्ने तर खाने बेलामा चाहि ठुलो भाग खोज्ने खालका हुन्छन् भनेर बुहारीहरूलाई सोझै आक्षेप लगाउने जस्ता उखानहरू पनि चलेकै पाइन्छ । यसै गरी सासू र बुहारीबीचको

व्यवहारलाई समेटेर उखानहरू बनेको देख्न पाइन्छ । सासूले सधाएकी बुहारी असल हुन्छे वा बुहारीहरू सासूको रिस गर्दछन् र  सासू र बुहारीहरू बीच परिवारमा सधैं खटपट भइरहन्छ भन्ने भावहरू पनि उखानमा प्रयाप्त मात्रामा पाइन्छ ।

पारिवारिक जीवनसँग सम्बन्धित नारीविषयक उपर्युक्त उखानहरूलाई हेर्दा नेपाली उखानमा नारीहरू प्रति प्राय : नकारात्मक भावना नै प्रर्याप्त मात्रामा भेटिन्छन् । नारीहरू आफूले चाहे जस्तो भएन भने पोइल जान्छन् भनी नारीहरूलाई हेयको दृष्टिले हेर्ने गरेको पाइन्छ । लोग्नेमान्छेले एक पछि अर्को स्वास्नी बटुल्ने परम्पराको विरोध उखानमा कर्म पाइन्छ । पुरूषले जे गरे पनि समाजमा छुट दिने तर महिलालाई भने छुट नहुने कुराहरू यस्ता उखानले सङ्केत गरेको पाइन्छ । अझ मर्दका दसओटी खुट्टा भए जुत्ता हजार जस्ता उखान चलाएर हाम्रा परिवारिक जीवनमा नारीलाई हेप्नसम्म हेपिएको पाइन्छ । यतिमात्र होइन उखानले घरपरिवारमा छोरालाई विशेष महत्त्व दिएको देखिन्छ ।

उखानमा नारीलाई जतिसुकै आक्षेप व्यङ्ग्य गरिए तापनि समाजमा नारीको महत्त्वलाई नकार्न सकिदैन । त्यसैले धेरै पहिले देखि नै लोग्नेमान्छले नारीहरूबाट माया र ममता पाउँदै आएका छन् । त्यसैले उखानमा नारीहरूलाई गृहलक्ष्मीको रूपमा चित्रित गरिएको केही उदाहरण पनि पाइन्छन् । तर सङ्कलित नमुना उखानका आधारमा भन्नुपर्दा नारीहरूलाई सकारात्मक भन्दा नकारात्मक रूपबाट बढी प्रस्तुत गरिएको छ । त्यसैले यस्ता नारीहरू प्रति अनावश्यक लाञ्छना लगाइएका उखानहरूको समाजमा लैङ्गिका विभेदको समाप्तिको अपेक्षा गरिने भएकोले पनि अब नारीलाई हेर्ने समाजको दृष्टिकोणमा परिवर्तन आउनुपर्छ र पुरातनवादी सोच र व्यवहारलाई प्रतिनिधित्व गर्ने खालका उखानहरूको प्रचलनमा पूर्णविराम लगाउनै पर्छ ।

## (छ) सामाजिक र सांस्कृतिक रीतितिथिसँग सम्बन्धित उखानहरू

प्रस्तुत अध्ययनपत्रमा सङ्कलित नारीविषयक उखानहरूलाई हेर्दा हाम्रा सामाजिक र सांस्कृतिक रीतिथितिसँग सम्बन्धित उखानहरू पनि प्रर्याप्त मात्रामा प्रचलित छन् । सामाजिक र सांस्कृतिक रीतिथितिसँग सम्बन्धित उखानमा केही नमूनाहरू निम्नानुसार छन् ।

- छोरीको जन्म हारेको कर्म ।
- आइमाईलाई सारी मुसलमानलाई पारी (पगरी) ।
- आउन् त आइन् लक्ष्मी गुहु खाएर आइन् ।
- आफै बोक्सी आफै धामी ।
- आमाभन्दा छोरी बोक्सी ।
- कुलकी छोरी मूलको पानी ।
- छोरी मरी ठूला घर परी ।
- छोरी मरी काल चढी ।
- जैसीमा छोरी राँड बैद्यका गलगाँड ।
- तरूनी वेस्से सातवोटा पोई मर्न लागे कोइ न कोइ ।
- तीर्थ जानु काँसी स्वास्नी ल्याउनु जाँची ।
- लागे लाग्यो मोहनी नलागे घरमा छन् सातओटी
- वाह्र बर्ष रामायण पढ्यो सीता कसकी जोई ।
- नदिने बज्यै बुधवार बार्छिन् ।
- आइमाईका सल्ला खरानीको डल्ला ।

उपर्युक्त उखानहरूलाई दृष्टिगत गर्दा कतिपय उखानहरूले नारी जातिको चरित्र फितलो हुन्छ र नारीहरूलाई विश्वास गर्नु हुँदैन भन्ने कुरा अभिव्यक्त गरेको पाइन्छ । त्यस्तै **छोरीको जन्म हारेको कर्म** जस्ता उखानले हाम्रो समाजमा भाग्यवादी संस्कृति प्रभाव अत्यन्त बलियो रहेको तथ्यलाई संकेत गरेका छन् भने नारीहरू पुरूषसरह

संसारको निर्माण र परिवर्तनका निम्ति योगदान दिन सक्दछन् भनि उनिहरूलाई महत्त्व दिनुभन्दा छोरी भएर जन्मनु भनेको भाग्यले ठगिन हो भन्नेतर्फ नै उखानहरूको दृष्टि केन्द्रित रहेको पाइन्छ । यसै गरी हाम्रा घरपरिवारका आमा, सासू वा विधवा जस्ता नारीहरूलाई बोक्सीका रूपमा उभ्याउने नितान्त अमानवीय संस्कार पनि प्रचलित नै छ । यसमा उदाहरणका निम्ति अनेक उखानहरूलाई अघि सार्न सकिन्छ । लोग्नेमान्छेलाई धामीका रूपमा प्रस्तुत गर्ने तर नारीहरूलाई बोक्सीका रूपमा प्रस्तुत गर्ने हाम्रो सामाजिक संस्कार साच्चिकै विभेदकारीरूपले सन्चालित छ । छोरीको जन्मलाई हारेको कर्म ठान्ने नेपाली समाजले **छोरी मरी ठूला घर परी** भन्ने जस्तो उखान पनि चलाएकै छ । छोरीको असामायिक मृत्युलाई ठूला घरमा परेको ठान्ने नितान्त अमानवीय संस्कारको अभिव्यक्ति पनि यस्ता नारीविषयक उखानहरूमा देखिकै छ । जैसीका छोरी राँड वैद्यमा गलगाँड जस्ता उखानहरू हाम्रो समाजमा परम्परागत रूपमा प्रचलित ज्योतिष तथा वेदाङ्गी विद्याका विकृतितर्फ संकेत गरेका छन् ।

हाम्रो समाजमा रामायण महाभारत जस्ता धार्मिक ग्रन्थहरू परेन तर तिनका मर्म र आशयहरूलाई बुझ्न नसक्ने परम्परागत संस्कार प्रति बाह्र बर्ष रामायण पढयो सीता कसकी जोइ जस्ता उखानको व्यङ्य गरेको पाइन्छ । त्यसैगरी "आइमाईको सल्ला खरानीको डल्ला" जस्तो उखानले हाम्रा सामाजिक जीवनमा र व्यवहारमा नारीहरूका सरसल्लाहको कुनै औचित्य नहुने विडम्वनायुक्त विचारलाइ पनि समेटेकै देखिन्छ ।

यसरी हाम्रा सामाजिक सांस्कृतिक परम्परा प्रचलन र रीतितिथिसँग सम्बन्धित नारीविषयक अनगिन्ती उखानहरू प्रचलित छन् । तर तिनका भाव र आशय चाँही नारीहरू प्रति घृणा, आक्षेप र व्यङ्ग्य गर्ने खालका नै बढी छन् । त्यसैले आजका युगसन्दर्भमा यस्ता उखानको पनि खासै औचित्य भने देखिदैन ।

### (ज) लोकविश्वास र जीवनदर्शनसँग सम्बन्धित उखानहरू

प्रस्तुत अध्ययनपत्रमा सङ्कलित उखानहरूलाई हेर्दा यहाँ लोकविश्वास र जीवन दर्शनसँग सम्बन्धित उखानहरू पनि सङ्कलित छन् । नारीविषयक यस्ता उखानका केही नमुनाहरू यस प्रकार छन् ।

- आफैँ बोक्सी आफैँ धामी ।
- जो बोक्सी उही सुडेनी ।
- नदिने बज्यै बुधबार बार्छिन् ।

कुनै पनि समाजमा लोकजीवनका आफ्नै किसिमका परम्परा विश्वास धारणा र मान्यता रहेका हुन्छन् । उहिलेका मानिसले शास्त्र र ज्ञान विज्ञानको अभावमा तथा आफ्नै जातीय परम्परा र प्रचलनअनुसार विभिन्न प्रकारका लोकविश्वास र जीवन दर्शनहरूको निर्माण गर्दै आएका छन् । यस्ता लोकविश्वाससँग सम्बन्धित उखानहरूमा नारीहरूलाई प्राय : बोक्सीका रूपमा चित्रण गर्ने र तिनकै क्रियाकलापबाट घरपरिवारमा मानिसहरू रोगी हुने वा मृत्युकै मुखसम्म पुग्न सक्ने हुँदा तिनको उपचारका निम्ति धामीझाँक्रीलाई अघि सार्ने लोकविश्वासबाट नेपाली समाज अहिलेसम्म पनि आक्रान्त नै छ । यस्ता कुरीतिका पोषक र अन्धविश्वासका समर्थन गर्ने उखानहरूको छेलोखेलो नेपाली बोलचालमा देखिन्छ ।

यस्ता उखानले परिवारमा नारीहरू प्रति घृणा र उपेक्षा भाव फैलाउनमा मद्दत पुऱ्याउँदै आएका छन् । यी बाहेक ऐँचोपैँचो दिंदा विभिन्न बारहरू, तिथिहरू वा सङ्क्राति, मसान्तका दिनहरू बार्ने लोकविश्वास पनि नेपाली समाजमा प्रचलित नै छन् । **नदिने बज्यै बुधवार बार्छिन्** जस्ता उखानहरू यस्तै लोकविश्वासका उदाहरणहरू हुन् ।

जीवनदर्शनको अभिव्यक्तिका दृष्टिले चाँहि यहाँ सङ्कलित नारीविषयक उखानहरूमा प्राय : भाग्यवादी वा विधिवादी जीवनदर्शनलाई नै समेटेको पाइन्छ छोरीको

जन्म उसको वैवाहिक सम्बन्ध त्यसपछि प्राप्त हुने लोग्ने घरपरिवार एवं श्री सम्पत्ति तथा सन्तानका दुःख सुख सबै नै भाग्यकै खेल हुन् भन्ने कथनलाई यहाँ सङ्कलित उखानहरूले अघि सारेका छन् ।

यसबाट लोकविश्वास र जीवनदर्शनसँग सम्बन्धित नारीविषयक उखानहरूको प्रचलन पनि नेपाली बोलचालमा व्यापक रहेको देखिन्छ ।

## (झ) शोषण, दमन र मानसिक पीडासम्बन्धी उखानहरू

प्रस्तुत अध्ययनपत्रमा सङ्कलित नारीविषयक उखानहरूलाई हेर्दा शोषण, दमन र मानसिक पीडासँग सम्बन्धित उखानहरू पनि प्रयाप्त मात्रामा प्रचलित छन् । शोषण, दमन र मानसिक पीडा सम्बन्धित यस्ता उखानका केही नमुनाहरू यस प्रकार छन् ।

- अर्घेली बुहारी घिऊ चोरी खान्छे ।
- कमारीका व्याउला बनका स्याउला ।
- के गर्छेस् बुहारी पोख्छु उठाउँछु ।
- स्वास्नी भनेको पैतालाको धुलो ।
- नयाँ दुल्हैको नौ पुला गाँस, रहँदा बस्दा जगल्टाको नास, आदि ।

नारीलाई शोषण दमन र मानसिक पीडाको सङ्केत गर्ने खालका उखानहरूलाई हेर्दा तिनमा महिलाहरूलाई पुरूषहरूले दबाएर राख्ने र महिला पुरूष विना बाँच्न सक्दैनन् भन्ने धारणा रहेको पाइन्छ । घरमा आफूलाई बुहारीसित चिन्ता बुझेन भने यस्ता बुहारीहरूलाई चोरेर खाने देखि लिएर जनुसुकै पीडादायक कुराहरू पनि सासूहरूले भन्न बाँकी राख्दैनन् भन्ने कुरा यी उखानहरूमा भेट्न सकिन्छ । बुहारी मन नपरेपछि उसलाई विभिन्न आक्षेप लागउन पनि सासूहरू पछि पर्दैनन् । त्यस्तै राणाकालको समयमा कमारा कमारी राख्ने प्रथा थियो । त्यतिखेर हाम्रा नेपाली महिलाहरू कमारा कमारी बस्न वाध्य थिए । ती कमारा कमारी बसेका महिलाहरूलाई त्यतिखेरका ठूला

भन्नेहरूले शोषण दमन र मानसिक पीडा दिएर राखेका थिए । यस्तो महिलासँग बिवाह गर्दा पुरूषहरूको पनि त्यही हालत हुन्छ भन्ने कुरा माथिका उखानहरूमा चित्रण गरिएको पाइन्छ । हाम्रो नेपाली समाजमा सासुहरूले बुहारीहरूलाई काम नलाग्ने व्यक्तिको रूपमा हेरेको पाइन्छ । बुहारीहरू बिहानदेखि नै काममा खटिएका हुन्छन् र उनीहरूलाई एकछिन फुर्सद पनि हुदैन् तर पनि सासूहरूले उनिहरूलाई खाली पोखेको कुरा उठाउने व्यक्तिका रूपमा हेरेका हुन्छन्  भन्ने अभिव्यक्ति पनि माथिका उखानहरूबाट प्रकट भएको पाइन्छ ।

उपर्युक्त उखानहरूमा पुरूषबाट महिलाहरू कति पीडित र शोषित हुन्छन्  भन्ने कुराको पुष्टि पनि **स्वास्नी भनेको पैतालाको धुलो** भन्ने उखानमा पाइन्छ । यस्ता उखानहरूमा आइमाइलाई काम नलाग्ने र यिनीहरूको कुनै महत्त्व र औचित्य छैन् भन्ने कुरा अभिव्यक्त भएको पाइन्छ । यस्ता उखानले नारीहरूलाई बढी मानसिक पीडा दिन्छ त्यसैले त्यस्ता कतिपय उखानहरू आजको समाजमा अटाउन नसक्ने देखिन्छ ।

नारीलाई दमन र शोषण गर्ने प्रवृत्ति समाजमा नभएको होइन । एउटी छोरी जब बुहारी भएर घरमा भित्रिन्छे उसलाई सबैले माया गर्दछन्  तर जब ऊ पुरानो हुँदै जान्छे तब उसलाई अनेक आक्षेप लगाइएका उदाहरण पनि प्रशस्त पाउन सकिन्छ ।

यसबाट के थाहा पाउन सकिन्छ भने शोषण, दमन र मानसिक पीडासँग सम्बन्धित नारीविषयक उखानहरूको प्रचलन पनि नेपाली बोलचालमा व्यापकरूपमा भएको पाइन्छ । यसरी नेपाली उखानले नारीहरूलाई कतै-कतै सम्मान गरेता पनि छोरी बुहारीलाई हेला गरेका उखानहरू प्रष्ट रूपमा देख्न सकिन्छ ।

# पाँचौं परिच्छेद

## निष्कर्ष

उखान लोकानुभवका सारपूर्ण सूत्रात्मक कथन हुन् । एउटा शास्त्रले दिने ज्ञानभन्दा उखानले दिने ज्ञान महत्त्वपूर्ण हुन्छ किनभने ती लोकजीवनमा तीतामीठा व्यवहारिक अनुभूतिबाट सिर्जिएका महत्त्वपूर्ण कथन हुन् । उखान दृष्टान्तको रूपमा मुखबाट स्वाट्ट निस्किहाल्छन् । वक्ताले आफ्नो भनाइलाई पुष्टि गर्न यस्ता उखानको प्रयोग गर्ने गर्दछ ।

उखानको रचनाकार अज्ञात रहे पनि यसको लोकप्रियता ज्ञानवर्द्धक कथनले गर्दा लोकजीवनमा वर्षौंदेखि एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण हुँदै आएका छन् । उखानमा हरेका समाजको आ-आफ्नै परिवेश, अवस्था, घटना र अनुभवबाट सिर्जिएका हुन्छन् र तिनको सामाजिक, सांस्कृतिक, ऐतिहासिक, भौगोलिक आदिका संरचना, अवस्था, विशेषताको यथार्थ चित्रण प्रस्तुत गरेका छन् । तसर्थ उखानलाई भाषाको प्राण मानिन्छ ।

उखानको विषयमा विभिन्न स्वदेशी तथा विदेशी विद्वान्हरूले आ-आफ्नै विचारहरू प्रस्तुत गरेका छन् तापनि ती विचारहरूले उखानको समग्र पक्षलाई समेटेको छैन । उखान लोकजीवनका व्यवहारिक अनुभूतिबाट खारिएर निस्केका सारपूर्ण सूत्रात्त्मक, ज्ञानवर्द्धक, दृष्टान्तमूलक कथन हुन् भन्नुपर्दछ ।

उखान भाषाका संक्षिप्त, सारपूर्ण, लोकप्रिय, सरल र सरस स्पष्ट रूप, विविध विशेषता भएका कथन हुन् । लोक साहित्त्यको लोकोक्तिका रूपमा प्रचलित महत्त्वपूर्ण विधा उखानको उद्भव ऐतिहासिक, सामाजिक, सांस्कृतिक, पौराणिक, स्थानीय, कृषि

आदि स्रोतबाट भएका छन् । यस्ता उखानलाई विषय, शैली, संरचना, अर्थ आदिका विषयबाट वर्गीकरण गर्न सकिन्छ ।

उखानका विभिन्न रूपहरू हुन्छन् । यस्ता उखानले श्रोताको हृदयलाई लोकजीवनमा मौखिक परम्पराको रूपमा वर्षौंदेखि प्रचलित हुँदै आएका जीवित इतिहास हुन्, मौखिक शास्त्र हुन् । नेपाली उखानहरूले धेरै विषयहरू बनाएका छन् । यसमा नारीहरूको विभिन्न भावहरू र साथै नारीहरूलाई पारिवारिक दृष्टिमा, सामाजिक दृष्टिमा र आर्थिक आदि दृष्टिमा व्यक्त गरेको पाइन्छ । यो अध्ययन पत्रमा काठमाडौंमा प्रचलित नारीविषयक उखान भएकोले यसमा नमुना उखानहरूमात्र समावेश गरिएको छ यसमा सबै उखानहरू सङ्कलन गरिएको छैन् । यी उखानहरू अध्ययनपत्रको सीमाभित्र रहेर गर्नु पर्दा धेरै कुराहरू यसमा समेटिन सकिएको छैन ।

नेपाली उखानमा नारीहरूलाई सकारात्मक रूपमा प्रस्तुत गरिएको छ भने नकारात्मक र मानसिक पीडाको रूपमा पनि प्रस्तुत गरिएको छ । यी नारीविषयक उखानलाई हेर्दा नारीहरू प्रति उपेक्षाभाव तिरस्कार घृणा आदि नकारात्मक उखानहरू ज्यादा देखिएको छ । उखानमा पुरूषहरू बढी दुःखी भएकाले नारीहरू तिनीहरूको बन्धनबाट उन्मुक्त हुनुपर्ने देखिन्छ । यसका लागि शिक्षाको विकास हुनु आवश्यक देखिन्छ ।

नेपाली उखानमा आमालाई ममताको मूर्तिको रूपमा प्रस्तुत गरिएको छ । आमा छोरीका लागि अनुकरणीय आदर्श हुन् । आमा असल नभए छोरी पनि हुन्नन् – **मर्चागुनाको जाँड, आमागुनाकी छोरी, घर गएकी छोरीका निम्ति–आमा छउन्जेल माइती** आदि ।

नेपाली उखानमा छोरीलाई नियन्त्रणमा राख्नुपर्छ भन्ने कुरा **छोरो पाल्नू सहरमा, छोरी पाल्नू कुनामा** आदि उखानले प्रस्ट पार्दछ । नेपाली समाजमा छोरीको भाग्यलाई **छोरीको जन्म हारेको कर्म** भनी कर्मवादी भाग्यलाई दोष दिइएको छ भने छोरीको मृत्युलाई **'छोरी मरी ठूलाघर परी'** भनी सहज रूपमा लिएको देखिन्छ ।

छोरीलाई माइती प्यारो हुन्छ तर माइतीमा सधैं उस्तै स्थिति हुँदैन भन्ने कुरा **छोरी भन्थी माइतीमाइती माइती भन्थे किन आइथी** आदि उखानले चरितार्थ गर्दछ भने बुहारीलाई अनुशासनमा राख्न **छोरी कुटी बुहारी तर्साउनू** जस्ता उखान प्रयोग गरिएको छ ।

समाजमा पुरूषले नारीलाई शोषण र दमन गरेको हुन्छ । त्यसैले, सौतेनी घर पनि हुन्छ र यस्तो घरमा कलह हुन्छ भन्ने कुरा **सौतेनी घर कलहको घर** भन्ने उखानले चरितार्थ गरेको हुन्छ ।

नेपाली उखानमा केही प्रबल पक्ष हुँदाहुँदै पनि सारांशमा के भन्न सकिन्छ भने तिनमा समाज र संस्कृतिका सुन्दर तथा यथार्थ चित्रण अङ्कित छन् । उखानका माध्यमले नेपाली भाषिक समुदायका अभिव्यक्ति अत्यन्त स्पष्ट र प्रभावपूर्ण भएको छ । नेपाली उखानले लोकजीवनलाई अनुप्राणित पार्दै लोकसभ्यता तथा संस्कृतिका विभिन्न रूप प्रस्तुत गरेको छ, साथसाथै अनुभवका सूक्ष्म विवरण प्रकाशित गरेर जीवनका विभिन्न पक्षको मार्गदर्शनमा पनि ठूलो भूमिका खेलेको छ । यस रूपमा नेपाली उखान नेपाली लोकसाहित्त्यको महत्त्वपूर्ण तथा सशक्त अङ्ग हो भन्ने कुरा प्रमाणित हुन्छ ।

# सन्दर्भसामग्रीसूची


कृष्णप्रसाद पराजुली, **लोकसाहित्यको विश्लेषण**, काठमाडौंः साझा प्रकाशन, २०५३ ।

---------- **लोकसाहित्यको विश्लेषण**, काठमाडौंः साझा प्रकाशन, २०५९ ।

---------- **नेपाली उखान र गाउँखाने कथाः** काठमाडौं, रत्नपुस्तक भण्डार, २०५८ ।

कुन्दनलाल उप्रेती, **लोकसाहित्यके प्रतिमान** (दो.सं.), अलिगढः प्रकाशन मन्दिर ई. १९८० ।

चुडामणि बन्धु **नेपाली लोकसाहित्य,** काठमाडौंः एकता बुक्स, २०५८।

जीवेन्द्रदेव गिरी, **लोकसाहित्यको अवलोकन,** काठमाडौंः एकता प्रकाशन, २०५७ ।

पुष्कर शम्शेर **उखानटुक्का वाक्यद्धतिकोष**, नेपाली भाषा प्रकाशिनी १९९८ ।

बालकृष्ण पोखरेल, **राष्ट्र भाषा,** काठमाडौंः साझा प्रकाशन, २०३६ ।

भूपतेन्द्रनाथ राय चौधरी, **अवसमिया लोकसाहित्यकी भूमिका,** गुवाहटीः भारती प्रकाशन, २०३५ ।

मोहनराज शर्मा, **शब्दरचना र वर्ण विन्यासः भाषा-वैज्ञानिक पद्धति**, त्रि.वि. पठ्यक्रम विकास केन्द्र, २०३५ ।

राममणि, **उखान सङ्ग्रह,** ललितपुरः जगदम्बा, प्रकाशन, २०२७ ।

शिवप्रसाद पौड्याल, **नेपाली उखानमा प्रतिबिम्बित स्थानबिम्ब,** शोधपत्र, २०५७ ।

सत्यमोहन जोशी, हाम्रो **लोक संस्कृति,** काठमाडौंः रत्नपुस्तक भण्डार, २०१४ ।

श्रीराम शर्मा, **लोकसाहित्य सिद्धान्त और प्रयोग,** (दो.सं.), आगराः विनोद पुस्तक मन्दिर ई. १९८० ।

हर्षनाथ शर्मा भट्टराई, **नेपाली उखान-टुक्का**, काठमाडौंः शर्मा पुस्तक भण्डार, २०२३ ।


**समाप्त ।**